लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२०८२/०६/२४

# कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**मा. मन्त्रीस्तरको निर्णयबाट स्वीकृत मितिः २०८२/०६/२४**

लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र मातहतका कार्यालयहरुले सम्पादन गर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यस कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कृषि पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूको लागि मन्त्रालय र मातहतका कार्यालयबाट उपलब्ध गराइने नगद रकम वा वस्तुगत सहायता वा दुबैलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन इच्छुक कृषक वा फर्म वा कम्पनी वा कृषक समूह वा सहकारी संघ/संस्था वा उपभोक्ता समिति। लाई सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(ङ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएका कम्पनीलाई सम्झनु पर्छ।

(च) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ७ मा उल्लेख भएका क्रियाकलाप/ कार्यक्रमलाई सम्झनु पर्छ।

(छ) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले यस कार्यविधिको दफा १४ अनुसार गठित कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्छ।

(ज) "कार्यक्रम व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा १३ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(झ) "कार्ययोजना" भन्नाले दफा ७ बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार कार्यालयले स्वीकृत गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(ञ) "कार्यालय" भन्नाले मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयहरूलाई सम्झनु पर्छ।

(ट) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई सम्बन्धित निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ठ) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, तेलहन, दलहन, पुष्प, पशुपन्छी, मासु, दुध, अण्डा, हाड/छाला, माछा, ऊन, च्याउ, मौरी, रेशम, कफी, अलैंची, घाँसेबाली, कपास, उखु लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(ङ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित समितिलाई सम्झनु पर्छ।

(ढ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ण) "पशु" भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनु पर्छ।

(त) "फर्म" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने उद्देश्यले सम्बन्धित निकायमा दर्ता भएको उद्यमीहरूको संस्थालाई सम्झनु पर्छ। तर फर्म भिजिट क्रियाकलापको हकमा दर्ता नभएका समेतलाई सम्झनु पर्छ।

(थ) "ब्रुडर कृषक" भन्नाले कुखुरा विकास फार्म खजुराबाट स्वीकृत भएको मापदण्ड अनुसार उक्त फार्ममा सूचीकृत भएका हुर्किएका चल्ला बिक्री गर्ने कृषक/फर्मलाई सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ध) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका वा उप-महानगरपालिकालाई सम्झनु पर्छ।

(न) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको सहकारी संघ/ संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद -२
## प्रादेशिक कृषि विकासको मार्गदर्शक सिद्धान्त, अपेक्षित उपलब्धि र प्राथमिकता क्षेत्र

३. **मार्गदर्शक सिद्धान्तः** कृषि विकासमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा देहायका विषयहरूलाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरिने छ;-

(क) रोजगारी सृजना र समावेशीकरण,
(ख) सहकार्य र समन्वय,
(ग) दिगोपना,
(घ) कृषि प्रणालीको रुपान्तरण,
(ङ) निजी तथा सरोकारवाला क्षेत्रको संलग्नता।

४. **अपेक्षित उपलब्धिः** देहायमा उल्लिखित अपेक्षित उपलब्धि हासिल गर्न कृषि विकासका योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ;-

(क) उच्च तथा दिगो उत्पादकत्व वृद्धि,
(ख) कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि,
(ग) कृषि व्यावसायीकरण अभिवृद्धि,
(घ) कृषि पूर्वाधार तथा बजार विकास र सुधार,
(ङ) संस्थागत विकास तथा सुशासन प्रवर्द्धन।
(च) सहकारी प्रवर्द्धन तथा संस्थागत विकास।

५. **प्राथमिकता क्षेत्रः** प्रदेश कृषि विकासका देहायका प्राथमिकता क्षेत्र रहेका छन्;-

(क) नश्लसुधार तथा बीउ बिजन प्रवर्द्धन, गुणस्तरीय कृषि/पशुपन्छी/मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि,
(ख) प्रविधि विस्तार, हस्तान्तरण, सफल अवधारणा अनुशरण र प्रदर्शन,
(ग) बाली/वस्तु प्रवर्द्धन, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन,
(घ) बाँझो जमिनको उपयोग, चक्लाबन्दी, भूमिको वैज्ञानिक उपयोग, माटोको उर्वराशक्ति प्रवर्द्धन र उत्पादकत्व वृद्धि,
(ङ) बाली/वस्तु स्रोत केन्द्रहरुको स्थापना, विस्तार, संचालन र सुदृढीकरण,



कृषि अर्थविज्ञ
महाशाखा प्रमुख

(च) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह सरकारी संस्था, नीजि, सहकारी तथा अन्य सरोकारवालाहरू क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी प्रवर्द्धन,

(छ) कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच सम्बन्ध विस्तार तथा सेवा प्रवाहमा सुधार ।

(ज) सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी नीति, मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन, अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान।

(झ) सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र नियमन।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि अर्थविज्ञ

२०८०/५/०४

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ...

## परिच्छेद ३

## सरोकारवालाहरूको भूमिका र कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन

६. निकायगत तथा सरोकारवालाहरूको भूमिका: यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालाहरूको भूमिका देहाय बमोजिमको हुनेछः-

(क) मन्त्रालयको भूमिका: कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन, कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन गर्ने,

(ख) निर्देशनालयको भूमिका: कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा मातहतका कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन/मूल्याङ्कन गरी मन्त्रालयमा प्रतिवेदन गर्ने।

(ग) कार्यालयको भूमिका:

- कार्यालयले यस कार्यविधिको अधिनमा रही स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,
- जिल्लास्तरमा समन्वय, अनुगमन, मूल्याङ्कन गरी माथिल्लो निकायमा प्रगति प्रतिवेदन गर्ने।

(घ) अनुदानग्राही/लाभग्राहीको भूमिका:

- अनुदानग्राही/लाभग्राहीले यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्ने,
- अनुदानग्राहीले सम्झौता/कार्ययोजना बमोजिम निर्धारित समय, लागत, गुणस्तर र परिमाणमा कार्य सम्पन्न गरी दिगो रुपमा कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थापन गर्ने।

(ङ) स्थानीय तहको भूमिका:

- कार्यालयबाट सञ्चालित कार्यक्रमको प्रभावकारीरूपमा सञ्चालनार्थ समन्वयकारी भूमिका निर्वाह गर्ने,
- कार्यालयबाट माग भएका तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउनका लागि आवश्यक सहजीकरण गर्ने

कृषि अर्थविज्ञ महाशाखा प्रमुख

सचिव

७. <u>कृषि, पशुपन्छी, सहकारी विकास कार्यक्रम सञ्चालन:</u> (१) कृषि, पशुपन्छी, सहकारी विकास कार्यक्रम/क्रियाकलापहरू देहाय बमोजिम हुनेछन्:-

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १. | विभिन्न बालीका जातका उत्पादन प्रदर्शन (धान, गहुँ, तोरी, चना, मुसुरो, भटमास, फापर, कोदो आदि) | • आवश्यक सामग्रीहरूमा बीउ, मल, सुक्ष्मतत्त्व तथा जैविक विषादी, जानकारी मूलक ब्यानर सहित कार्यालयले तोकिएको बालीको विभिन्न जातको प्याकेजमा उत्पादन प्रर्दशन सञ्चालन गर्ने,<br>• सञ्चालित उत्पादन प्रदर्शन अन्तर्गत बालीको जातीय विशेषताहरुको अभिलेख तयार गरी प्रचार प्रसार गर्ने। | • प्राविधिक सम्भाव्यताको आधारमा बालीको जात र स्थान छनोट गरी कृषकको फिल्डमा प्रदर्शन गर्नुपर्ने,<br>• कृषि अनुसन्धान परिषदले सिफारिस गरेको तथा अन्य अध्ययनबाट प्रमाणित भएको तर कृषक समुदायस्तरमा नपुगेको बालीका जातलाई प्राथमिकता दिने,<br>• कृषकहरूको सहज पहुँच तथा अवलोकन गर्न सकिने स्थानलाई प्राथमिकता दिने,<br>• तराइको हकमा प्रति प्रदर्शन कम्तिमा २ कट्ठा र पहाडको हकमा कम्तिमा १ रोपनी क्षेत्रफलमा कार्यक्रम सञ्चालन हुनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति बाली प्रति प्रदर्शन अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सक्ने। |
| २. | सुख्खा/डुबान सहने जात प्रर्दशन | • सुख्खा/डुबान सहने जातको बीउ, सुक्ष्मतत्त्व तथा जैविक विषादी, जानकारी मूलक ब्यानर सहित कार्यालयले तोकिएको बालीको सुख्खा/डुबान सहने विभिन्न जातको उत्पादन प्रदर्शन सञ्चालन गर्ने,<br>• सञ्चालित उत्पादन प्रदर्शन अन्तर्गत बालीको जातीय विशेषताहरुको अभिलेख तयार गरी प्रचार प्रसार गर्ने। | • प्राविधिक सम्भाव्यताको आधारमा सुख्खा/डुबान सहने धान बालीको जात र स्थान छनोट गरी कृषकको फिल्डमा प्रदर्शन गर्नुपर्ने,<br>• कृषि अनुसन्धान परिषदले सिफारिस गरेको तथा अन्य अध्ययनबाट प्रमाणित भएको तर कृषक समुदायस्तरमा नपुगेको सुख्खा/डुबान सहने धान बालीका जातलाई प्राथमिकता दिने,<br>• कृषकहरूको सहज पहुँच तथा अवलोकन गर्न सकिने स्थानलाई प्राथमिकता दिने,<br>• तराइको हकमा प्रति प्रदर्शन कम्तिमा ५ कट्ठा र पहाडको हकमा कम्तिमा ३ रोपनी क्षेत्रफलमा कार्यक्रम सञ्चालन हुनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति बाली प्रति प्रदर्शन अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सक्ने। |

कृषि अर्थविद्  महाशाखा प्रमुख

| क सं. | कार्यक्रम | कियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ३. | रैथाने बाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम | • खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारीजन्य रैथाने तथा स्थानीय जातका बालीको उत्पादन, सङ्कलनका आवश्यक कियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)। | • उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने, <br>• उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | • प्रति अनुदानग्राही रु. पचास हजारमा नबढ्ने गरी कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ४. | कोदोबालीको उत्पादन प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | • कोदो बालीको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)। | • उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/ कृषि सहकारी हुनुपर्ने, <br>• उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | • प्रति अनुदानग्राही रु. पचास हजारमा नबढ्ने गरी कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५. | सिंचित क्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार सेवा प्रवाहका लागि देहाय अनुसारका कियाकलापहरू आवश्यकता अनुसार सञ्चालन गर्न सकिनेछ। <br>• बीउ बिजन, बेर्ना, नर्सरी, सुक्ष्म तत्व, तथा अन्य उत्पादन सामग्रीहरूमा सहयोग, <br>• बाली कटानी, कृषि प्रविधि प्रर्दशन, | • कार्यालयले बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भएको स्थानमा फर्म/कम्पनी/जल उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारीसँगको समन्वयमा तोकिएको बालीमा उपयुक्त बाली चक्र मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने, <br>• छनोट भएको क्षेत्रमा कम्तीमा २.५ हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति हेक्टर रु. बीस हजारसम्म खर्च गर्न सक्ने, <br>• अभिमूखीकरण/क्षमता विकासका कार्यका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशतसम्म खर्च गर्न सकिने। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख



सचिव

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • साना यन्त्र उपकरणहरू,<br>• अभिमूखीकरण/क्षमता विकासका कार्यहरु। | • कार्यक्रम सञ्चालनबाट हालको बाली सघनता वृद्धि गर्न हिउँदे वा वसन्ते बाली (चैते धान, हिउँदे/वसन्ते मकै, तरकारी , मसुरो, मुङ्ग, चना, सूर्यमूखी) लाई प्राथमिकता दिई भूगोल र हावापानी अनुसार उपयुक्त बालीहरू छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | |
| ६. | एकीकृत कृषि/सिंचाइ विकास कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार सेवा प्रवाहका लागि देहाय अनुसारका क्रियाकलापहरू आवश्यकता अनुसार सञ्चालन गर्न सकिनेछ।<br>• बीउ बिजन, बेर्ना, नर्सरी, सुक्ष्म तत्व, तथा अन्य उत्पादन सामग्रीहरूमा सहयोग,<br>• बाली कटानी, कृषि प्रविधि प्रर्दशन,<br>• साना यन्त्र उपकरणहरू,<br>• अभिमूखीकरण/क्षमता विकासका कार्यहरु,<br>• माटो परीक्षण/शिविर/पाठशाला। | • जिल्लास्थित सिंचाइ क्षेत्र हेर्ने कार्यालयले सिंचाइ पूर्वाधार विकास गर्ने र सो क्षेत्रमा कार्यालयले फर्म/कम्पनी/जल उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारीसँगको समन्वयमा उपयुक्त बाली चक्र मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• छनोट भएको क्षेत्रमा कम्तीमा २.५ हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यक्रम सञ्चालनबाट हालको बाली सघनता वृद्धि गर्ने गरी उपयुक्त बालीहरू छनोट गरी कार्यक्रम सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति हेक्टर रु. तीस हजारसम्म खर्च गर्न सक्ने,<br>• अभिमूखीकरण/क्षमता विकासका कार्यहरु,माटो परीक्षण/शिविर/पाठशाला सञ्चालन कार्यहरुका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशतसम्म खर्च गर्न सकिने। |
| ७. | बीउ आत्मनिर्भर कार्यक्रम | • उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, सुक्ष्म तत्व खरिद,<br>• प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र | • बीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेः<br><table><tr><td>बीज वृद्धि</td><td>तराई (कठ्ठा)</td><td>पहाड (रोपनी)</td></tr><tr><td>तरकारी बीउ</td><td>७.५</td><td>५</td></tr></table> | • मूल/प्रजनन बीउ  र सामग्रीको हकमा तपसिलमा उल्लिखित रकममा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ। |

कृषि अर्थविज्ञ

<table>
<tr><th>क सं.</th><th>कार्यक्रम</th><th>कियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्च सीमा</th></tr>
<tr><td></td><td></td><td>उपकरणहरू खरिद, भण्डारण सामाग्री तथा बजारीकरणमा सहयोग।</td><td><table>
<tr><td>लसुन तथा प्याज बीउ</td><td>१०</td><td>५</td></tr>
<tr><td>खाद्यान्न बाली बीउ</td><td>१५०</td><td>६० (हिमाली जिल्लाको हकमा ३०)</td></tr>
<tr><td>दलहन/तेलहन बीउ</td><td>२०</td><td>१०</td></tr>
<tr><td>आलु बीउ पि.बि.एस.</td><td>५०० दाना</td><td>५०० दाना</td></tr>
<tr><td>आलु बीउ (अन्य स्तर)</td><td>२०</td><td>१०</td></tr>
</table>
• बीउ उत्पादनमा संलग्न कृषक/कृषक समूह/कृषि सहकारीले आवेदन पेश गर्न सक्ने,<br>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने,<br>• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>• बीउ बिजन उत्पादन तथा कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने।</td><td>• आलु (पि वि एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रू. २५००/-<br>• तरकारी, लसुन, प्याज तथा अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु. ५०००/-<br>• खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु.१५००/- अनुदान दिइने।</td></tr>
<tr><td>८.</td><td>बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (कृषि तर्फ)</td><td>• बीउ/बिरुवा तथा अन्य उत्पादन सामग्री सहयोग,<br>• क्षमता अभिवृद्धि.<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा,<br>प्रशोधन तथा बजारीकरण सहजीकरण,</td><td>• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,<br>• देहाय बमोजिमको मापदण्ड अनुसार cluster approach मा क्षेत्रफल विस्तार गर्नुपर्ने।<table>
<tr><td>क. सं.</td><td>बाली/जिल्ला</td><td>न्यूनतम क्षेत्रफल</td><td>अधिकतम अनुदान</td></tr>
</table></td><td>• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• बीउ/बिरुवा खरिद, उत्पादन, प्रशोधन, उपकरण, बजारीकरण सामग्रीमा ५० प्रतिशत, तरकारी बालीमा प्लास्टिक टनेलको प्रति</td></tr>
</table>

<table>
<tr><th>क्र सं.</th><th>कार्यक्रम</th><th>क्रियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्च सीमा</th></tr>
<tr>
<td></td>
<td></td>
<td>• फलफूल बालीको हकमा खाडल तयारी,<br>• तरकारी बालीको हकमा प्लाष्टिक टनेल निर्माण।</td>
<td>
<table>
<tr><th></th><th></th><th>(हे.)/क्लस्टर</th><th>प्रति हे रु.</th></tr>
<tr><td>१</td><td>स्वदेशी मसिना धान</td><td>१० हे</td><td>९ हजार</td></tr>
<tr><td>२</td><td>मकै</td><td>१० हे</td><td>१५ हजार</td></tr>
<tr><td>३</td><td>तोरी</td><td>५ हे</td><td>८ हजार</td></tr>
<tr><td>४</td><td>मसुरो</td><td>५ हे</td><td>१० हजार</td></tr>
<tr><td>५</td><td>तरकारी</td><td>पहाडमा १ हे र तराईमा २ हे</td><td>१४ हजार</td></tr>
<tr><td>६</td><td>बर्षे आलु/आलु</td><td>पहाडमा १ र तराइमा २ हे</td><td>२५ हजार</td></tr>
<tr><td>७</td><td>सुन्तलाजात फलफूल</td><td>२ हे</td><td>७५ हजार</td></tr>
<tr><td>८</td><td>स्याउ</td><td>१ हे</td><td>४ लाख</td></tr>
<tr><td colspan="4">नोटः</td></tr>
</table>
• कार्यालयले प्राविधिक टोली गठन गरी स्थलगत अवलोकन तथा परामर्श गरी कार्यक्रम स्थल छनोट गर्ने, (क्षेत्र छनोटका लागि सूचना आह्वान गर्नुपर्ने छैन)<br>• स्याउको हकमा न्यूनतम क्लष्टर क्षेत्र पुग्ने गरी अनुदानग्राही स्वयंले बिरुवा खरिद गरी क्षेत्र विस्तार गर्ने भएमा खाडल, मलखाद, सुक्ष्मतत्व, बाली संरक्षण सेवा, सिंचाइ व्यवस्थापन
</td>
<td>वर्ग मिटर रू. [illegible] का दरले खर्च गर्न सकिने, फलफूल बालीको हकमा प्रति खाडल (कम्तीमा ३*३*३ घन फुट) का लागि रू. २००।- का दरले खर्च गर्न सकिने र<br>• फलफूल बाहेक अन्य बालीको हकमा प्रति हेक्टर अधिकतम रू. पाँच हजारका दरले आवश्यकता अनुसार अन्य उत्पादन सामग्रीका लागि खर्च गर्न सकिनेछ,<br>• कार्यालयले सञ्चालन गर्ने क्षमता अभिवृद्धि तथा अन्य प्राविधिक सेवाका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशत रकम खर्च गर्न सकिने।</td>
</tr>
</table>



कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

सचिव

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | लगायतका कार्यमा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। | |
| ९. | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार,<br>• स्यालो ट्यूववेल जडान। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने,<br>• रु. ५० हजारभन्दा कम लागतको आयोजना पेश गर्न पाइनेछैन। | • तपसिल बमोजिम उल्लिखित रकममा नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग,<br>• फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु ७५ हजारसम्म,<br>• कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु १ लाख ५० हजारसम्म,<br>• कार्यालयले आयोजनाहरु छनोट गर्दा समग्रमा प्रति आयोजना औषत अनुदान रकम रु. १ लाखमा नबढ्ने गरी गर्नुपर्नेछ। |
| १०. | सिंचाइको लागि स्यालो ट्यूववेल जडान | • स्यालो ट्यूववेल जडान। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | • विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग गर्न सकिने। |



महाशाखा प्रमुख
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
गण्डकी

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ११. | बगैंचा सुदृढीकरण/नयाँ बगैंचा स्थापना कार्यक्रम | • बगैंचाको सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरिद,<br>• नयां बगैंचाको हकमा बिरुवा खाडल मल तथा सिंचाई व्यवस्थापनमा सहयोग गर्न सकिनेछ।<br>• सिंचाइ सामग्री तथा उपकरण खरिद,<br>• फल कुहाउने औंसा (Fruit fly) को लागि ल्यूर र पासो तथा अन्य रोगकिराको व्यवस्थापन,<br>• पासो, मोहिनी पासो र ल्यूर,विषादी, एप्रोन, पन्जा, मास्क, Stem paste आदि खरिद,<br>• स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण,<br>• कार्यालयले फलफूल बगैंचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने। | • कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• नयां बगैंचा स्थापना तथा पुराना बगैंचा व्यवस्थापनको लागी कम्तीमा फलफूल ०.५ हे./कफी ०.२५ हे. मा सञ्चालन हुनुपर्ने,<br>• सुदृढिकरण कार्यका लागी कार्यालयले आवश्यक्ताअनुसार सञ्चालन गर्न सक्नेछ,<br>• कार्यालयले फलफूल बगैंचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी प्रति कार्यक्रम अधिकतम रू. पचास हजार खर्च गर्न सक्ने। नयाँ बगैंचाको लागी प्रति हेक्टर अधिकतम रु एक लाख खर्च गर्न सक्ने,<br>• स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरणमा प्रति कार्यक्रम अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सकिने। |
| १२. | विषादी व्यवस्थापन कार्यक्रम/सचेतना कार्यक्रम (विषादी प्रयोग/उत्पादन/प्रविधि/बजारीकरण) | • विषादीको सुरक्षित प्रयोग/उत्पादन/प्रविधि/बजारीकरण सम्बन्धी पम्पलेट/पोष्टर प्रकाशन/वितरण<br>• जनचेतनामूलक सामग्री उत्पादन तथा रेडियो/सामाजिक सञाल लगायतका आम सञ्चार माध्यममार्फत प्रसारण कार्यक्रम | • कार्यक्रम सम्पन्न गरेपश्चात प्रतिवेदन तयार गरी निर्देशनालयमा पेश गर्ने,<br>• निर्देशनालयले प्रतिवेदन संकलन गरी मन्त्रालयमा पेश गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |

कृषि अर्थविज्ञ  महाशाखा प्रमुख

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | तथा सडकनाटक/स्थलगत सचेतनामूलक कार्यक्रम सञ्चालन, मुख्य बजार/चोकमा सन्देशमूलक/उपभोक्ता शिक्षा/विद्यालय शिक्षा/होर्डिङ बोर्ड स्थापना आदि,प्राङ्गारिक/जैविक विषादीको नमूना वितरण तथा उपयोग,<br>• विषादी प्रयोग/उत्पादन/प्रविधि/बजारीकरण सम्बन्धी तालिम तथा अन्तरक्रिया, प्रदर्शनी, आवश्यक स्थानमा जैविक तथा वानस्पतिक विषादी तथा पासो, पी.पी.ई. सेट खरिद तथा वितरण, प्रयोग प्रदर्शन, जैविक तथा वानस्पतिक विषादीको प्रभावकारिता परीक्षण<br>• विषादी प्रयोग/उत्पादन/प्रविधि/बजारीकरण सम्बन्धी आवश्यकता अनुसार अध्ययन गर्ने। | | |
| १३. | माटो व्यवस्थापन कार्यक्रम | • कार्यालयले आवश्यकता अनुसार देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेः<br>१. माटो परीक्षण,<br>२. प्रचारप्रसार तथा अभिमुखीकरण, | • कार्यालयले एउटा क्लष्टरमा कम्तीमा २५ घरधुरी समेटिने गरी कम्तीमा १०० घरधुरी समावेश हुनुपर्ने। कार्यालयले उपयुक्त स्थलको छनोट गरी कृषक/फर्म/कृषक समूह/कृषि सहकारी मार्फत देहाय बमोजिमका | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• क्षमता अभिवृद्धिमा अधिकतम १० प्रतिशत खर्च गर्न सकिने, |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि अर्थविज्ञ　　महाशाखाप्रमुख　　सचिव

| क्र.सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | ३. प्राङ्गारिक मल उत्पादन, परीक्षण तथा प्रदर्शन,<br>४. माटो व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि<br>५. भकारो/गोठेमल/कम्पोष्ट मल सुधार,<br>६. बोकासी/भर्मि कम्पोष्ट उत्पादनमा सहयोग,<br>७. माटो उपचारका लागि कृषि चुन, जिप्सम र अन्य सामग्री वितरण,<br>८. हरियो मल उत्पादन तथा प्रयोगका लागि बीउमा सहयोग,<br>९. माटोमा सन्तुलित खाद्य तत्व व्यवस्थापन सम्बन्धी अन्य कियाकलापहरू,<br>१०. माटो नमुना संकलनमा आवश्यक उपकरण जस्तै GPS, Auger, खुर्पी र प्लाष्टिक व्यागहरु खरिद गर्न सकिने<br>• कार्यक्रमको उपलब्धि/नतिजा विश्लेषण गरी निर्देशनालयमा प्रतिवेदन गर्ने। | तथा सम्भाव्यताका आधारमा छनोट गरी सञ्चालन गर्नुपर्ने,<br>१. हरियो मल (ढैंचा आदि)/Bio-fertilizer प्रयोग प्रदर्शनः कम्तीमा १ रोपनी जग्गामा प्रर्दशन गर्नुपर्ने,<br>२. भकारो/गोठे मल/कम्पोष्ट मल सुधारः मूत्र संकलन टंकी निर्माण, मलखादमा छानो व्यवस्थापन गरी गोठेमल/कम्पोष्ट मल उत्पादनका लागि कम्तीमा २ वटा खाडल हुनुपर्ने,<br>३. भर्मी कम्पोष्ट उत्पादनः प्राविधिकको ईस्टिमेट अनुसार भर्मी वेड वा भर्मी व्यागमा मल उत्पादन गरेको हुनुपर्ने। उत्पादन लागत कम गर्न उपलब्ध भएसम्म स्थानीय श्रोत साधनको प्रयोग गर्ने,<br>• कार्यालयले जिओ पोजिसन यकिन गरेर सबै स्थानीय तह समेटिने गरी वार्षिक कम्तीमा १२५ वटा नमुना संकलन गर्नुपर्ने<br>• उक्त नमुनाहरुको संकलन, जाँच र माटो स्वस्थता प्रमाणपत्र वितरण माटो तथा मल परीक्षण प्रयोगशालासँग समन्वय गरी गर्नुपर्ने। | • स्थलगत तालिममा प्रति तालिम अधिकतम रू. बीस हजारसम्म खर्च गर्न सकिने,<br>• माटो नमुना संकलन कार्यमा खटिएका प्राविधिकहरुलाई पहाडी र तराई क्षेत्रमा प्रति नमुना क्रमशः रु. २५० र रु. १७५ का दरले भुक्तानी गर्न सकिने। |
| १४. | निजी क्षेत्रका प्रयोगशालासमेतको सहकार्यमा माटो परीक्षण अभियान | • माटो परीक्षण,<br>• शिविर व्यवस्थापन,<br>• यन्त्र उपकरण खरिद। | • कार्यालयले उपयुक्त सरकारी मापदण्ड पूरा गरेको निजी प्रयोगशाला (फर्म/कम्पनी) छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी माटो परीक्षण तथा शिविर व्यवस्थापन गर्ने, |



कृषि अर्थविज्ञ

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • कार्यालयको समन्वयमा माटो तथा मल परीक्षण प्रयोगशालाको मापदण्ड बमोजिम परीक्षण तथा शिविर सञ्चालन गर्ने। | • सहकार्य गर्ने निजी क्षेत्रको प्रयोगशालालाई यन्त्र उपकरण, रसायन सामग्री खरिदमा ५० प्रतिशत अनुदान सहयोग, |
| १५. | घुम्ती/ बाली उपचार शिविर | • शिविर सञ्चालन हुने बेहोराको सूचना स्थानीय तह मार्फत सम्बन्धित कृषकहरुमा प्रवाह गराउने साथै वेबसाइट मार्फत पनि सूचित गर्न सकिने, • रोगकिराको नमूना जाँच र समस्या पहिचान तथा समाधानका विधि सिफारिस गर्ने, • बाली उपचार शिविरमा आवश्यक/उपयुक्त जैविक तथा वानस्पतिक विषादी, विभिन्न पासोहरु, विषादी प्रयोग गर्दा आवश्यक पर्ने सुरक्षित पहिरन लगायतका सामग्री खरिद गर्न सकिने, • कार्यक्रमको अभिलेखीकरण गरी सो को प्रतिवेदन निर्देशनालयमा पठाउने। | • शिविर कम्तीमा १ दिन सञ्चालन गर्नुपर्ने, • शिविर सञ्चालन गरिने स्थानको छनोट कार्यालयले प्राविधिक सम्भाव्यता र आवश्यकताका आधारमा गर्ने, • शिविर सञ्चालन कार्यालयले आफै गर्ने वा बाली संरक्षण प्रयोगशाला वा अन्य निकाय वा विज्ञको समन्वयमा गर्न सक्ने, • बाली उपचार शिविरमा १ पटकमा कम्तीमा १५ जना कृषकहरूलाई सहभागी गराउने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने, • प्रचार प्रसार, चियापान, ब्यानर, स्टेशनरी व्यवस्थापन आदिको लागि प्रति शिविर अधिकतम रु. ५०००/- खर्च गर्न सकिने। |
| १६. | बाली संरक्षण सेवा | • कार्यालयले स्प्रेयर, जैविक तथा गैर रासायनिक विषादी, रासायनिक विषादी, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने | • कार्यालयले नियमित रूपमा रोगकिराका कारण समस्याग्रत क्षेत्रमा वा व्यावसायिक कृषकको बाली तथा बिरुवामा देखा परेका समस्या निदान | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | उपकरण तथा सामग्रीहरू खरिद गरी समस्या निदान तथा व्यवस्थापन गर्ने,<br>• कार्यक्रमको अभिलेखीकरण गरी सोको प्रतिवेदन निर्देशनालयमा पठाउने। | तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने। | |
| १७. | स्कूल हर्टिकल्चर कार्यक्रम | • कार्यालयले छनोट भएको विद्यालयमा तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न सकिने,<br>• अभिमूखीकरण/तालिम/जनचेतना अभिवृद्धी<br>• विद्यार्थीलाई श्रमसँग जोड्ने क्रियाकलापहरु जस्तैः प्राङ्गारिक मल प्रदर्शनी, तरकारी खेती प्रदर्शन, प्लाष्टिक गुमोज, बिरुवा रोपण, बगैंचा स्थापना, च्याउ आदीसँग सम्बन्धित उत्पादन समाग्री र उपकरणहरु,<br>• विद्यालयले सञ्चालित कार्यक्रमको उपलब्धिमूलक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने। | • कार्यालयले कम्तिमा १० कक्षासम्म अध्यापन गराउने उपयूक्त सरकारी विद्यालयहरु छनोट गरी कार्यक्रम संचालन गर्नुपर्ने,<br>• विद्यालय छनोटका लागि उपलब्ध क्षेत्रफल, स्रोत तथा प्राविधिक उपयूक्ततालाई आधार लिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रति विद्यालय अधिकतम रु. एक लाख रुपैयासम्म खर्च गर्न सकिने। |
| १८. | लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम (महिला, दलित, जनजाती, मधेसी आदी। (कृषि तर्फ) | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्रियाकलापमा सहयोग, | • कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा क्रियाकलाप पहिचान गर्नुपर्ने, | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने, |



मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि अर्थविज्ञ
कार्यालय प्रमुख

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदि),<br>• तालिम तथा सचेतना। | • लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न मुक्त कमैया/ कम्लहरी, भूमिहीन, मुसहर, चिडीमार, पासी, मंगता, नटुवा, गडरिया, बादी, बोटे, माझी, किङरिया, कुचबन्धिया, खुना, कुमाल, सोनहा, विपन्न दलित, राजी, चमार, डोम, महिला, दलित, जनजाती, मधेसी समुदाय आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा कम्तीमा १५ घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने, | • प्रति परिवार अधिकतम रु. दश हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| १९. | महिला लक्षित उन्नत किट वितरण कार्यक्रम (महिला, दलित, जनजाती, मधेसी आदी) | • बाली लगाउने मौसम अनुसार कार्यालयले खरिद गरी वितरण गर्नुपर्ने। | • महिला कृषक/कृषकहरूलाई स्वदेशी/हाइब्रिड सूचीकृत जातका खाद्यान्न/दलहन/तेलहन वा तरकारी बालीको बीउ किट वितरण गर्नुपर्ने,<br>• महिला, दलित, जनजाती, मधेसी मध्ये सामाजिक र आर्थिक रुपले पिछडिएको समुदायलाई प्राथमिकता दिनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• बजेटको परिधिभित्र रही प्रति बीउ किट अधिकतम रू. ३०० खर्च गर्न सकिनेछ। |
| २०. | महिला बालबालिका लक्षित पोषण सुधार कार्यक्रम | • पोषणयुक्त बालीहरुको बीउ उपलब्ध गराउने<br>• पोषण सम्बन्धी सचेतना | • स्वास्थ्य कार्यालयसँग समन्वय गरी न्यून पोषण क्षेत्र र समुदाय पहिचान गरी कार्यालयले कार्यक्रम सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• बजेटको परिधिभित्र रही प्रति बीउ किट अधिकतम रू. ३००।- खर्च गर्न सकिनेछ। |
| २१. | महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामग्री सहयोग/मौरीपालन कृषक समूहका लागि मौरीजन्य | • प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामग्रीहरू खरिद। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने। | • प्रति अनुदानग्राही कूल लागतको ५० प्रतिशत वा अधिकतम रु. तीस हजारसम्म अनुदान सहयोग गर्न सकिने |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | प्रशोधन/बजारीकरण उपकरणमा सहयोग | | | |
| २२. | व्यावसायिक कृषि फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | • फर्मको अनुगमन,<br>• प्राविधिक परामर्श सेवा,<br>• वस्तुगत सहयोग (विषादी, प्लाष्टिक, सुक्ष्म तत्व, स्प्रेयर, प्रुनिङ्ग स, बडिङ्ग नाइफ, सिकेचर लगायतका औंजार उपकरण)<br>• प्रतिवेदन तयारी। | • व्यावसायिक फर्महरुको पहिचान गरी सूचीकरण गर्नुपर्ने,<br>• पहिचान गरिएका फर्महरुको विवरण सहितको वर्गीकरण गर्नुपर्ने,<br>• वर्गीकरण गरिएका फर्महरुको ठूला व्यावसायिक फर्म हुँदै क्रमश अनुगमन कार्य गर्नुपर्ने,<br>• फर्महरुको छनोट गर्दा सबै स्थानीय तहलाई समेटी गर्नुपर्ने,<br>• अनुगमन गरिएको फर्महरुको कम्तीमा एक पटक फलोअप गर्नुपर्ने ,<br>• विज्ञ अनुगमन टोली अन्तर्गत कृषि तर्फका विषयगत विज्ञ, प्राविधिक, सहयोगी कर्मचारी गरी बढीमा ५ जना जनशक्ति रहने | • कूल विनियोजित बजेटको अधिकतम ६५ प्रतिशत इन्धन र खाजा वापत खर्च गर्न सकिने र कम्तीमा ३५ प्रतिशत आवश्यकता अनुसार वस्तुगत सेवामा खर्च गर्न सकिने। यसरी वस्तुगत सेवा उपलब्ध गराउँदा प्रति फर्म अधिकतम रु. ५०००।- मा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ। |
| २३. | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम / पकेट क्षेत्र विशेष स्वस्थ कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम | • प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेबलिङ्ग, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने,<br>• क्षमता अभिवृद्धि/तालिम, सचेतना, प्रचार प्रसार, प्रदर्शनी<br>• भकारो सुधार/मलखाद सुधार, प्राङ्गारिक मल उत्पादन, जैविक | • कार्यालयले उपयुक्त स्थान छनोट गर्ने,<br>• कृषक/फर्म/समूह/ कृषि सहकारी/समितिको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,<br>• औपचारिक संस्था नभएमा कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्न सकिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• प्रति आयोजना अधिकतम रु. एक लाखसम्म खर्च गर्न सकिने |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख    मन्त्री, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | विषादी, पासोहरु, औजार उपकरण आदी उपलब्ध गराउने। | | |
| २४. | गौशाला लक्षित/मानव सेवा आश्रम लक्षित प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | • प्राङ्गारिक मल उत्पादन, कृषि उत्पादन, प्रदर्शन, उत्पादन सामग्री, सिंचाइ व्यवस्थापन, साना यन्त्र उपकरण। | • कार्यालयले प्रस्ताव माग गरी क्रियाकलाप छनोट गर्ने,<br>• प्राङ्गारिक उत्पादन र बजारीकरणमा सहजीकरण गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रति अनुदानग्राही अधिकतम रु. पाँच लाखसम्म खर्च गर्न सकिने। |
| २५. | शीत भण्डार लक्षित कृषि प्रवर्द्धन कार्यक्रम | • कृषि उत्पादन सामग्री,<br>• शीत भण्डारमा प्रयोग हुने विद्युत महशुलमा सहुलियत। | • कार्यालयले उपयुक्त फर्म/कम्पनी/कृषक समूह/ कृषि सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• छनोट भएको शीत भण्डार सञ्चालकले कृषि उत्पादकसँग खरिद सम्झौता गरी भण्डारणको सुनिश्चित गर्ने,<br>• भण्डारण गरिएको कृषि उपजको विवरण र विद्युत महशुलको बील तथा यथार्थ खर्च पेश गर्नुपर्ने। | • प्रति अनुदानग्राही रु. एक लाखमा नबढ्ने गरी कृषि उत्पादन सामग्री र विद्युत महशुलमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| २६. | प्राङ्गारिक उत्पादनको बजारीकरणका लागि प्याकेजिङ्ग/लेबलिङ्गमा सहयोग | • प्राङ्गारिक उपजको प्रशोधन, प्याकेजिङ्ग, लेबलिङ्ग, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने। | • कार्यालयले उपयुक्त स्थान छनोट गर्ने,<br>• कृषक/फर्म/कृषक समूह/ कृषि सहकारी/कृषि बजार समितिको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रति अनुदानग्राही अधिकतम पचास हजारसम्म खर्च गर्न सकिने |
| २७. | प्राङ्गारिक कृषि उपज विक्री कक्ष स्थापनामा सहयोग | • फर्म/कृषक समूह/कृषि सहकारी मार्फत प्राङ्गारिक कृषि उपज विक्री कक्ष निर्माण गरी प्राङ्गारिक कृषि उपजको विक्री वितरण सम्बन्धी कार्य। | • स्थानीय तहको समन्वयमा कार्यालयले उपयुक्त स्थान र फर्म/कृषक समूह/कृषि सहकारी छनोट गर्ने,<br>• विक्री कक्षको भाडा करारनामा सम्बन्धी व्यवस्था स्थानीय तहले व्यवस्थापन गर्नुपर्नेछ, | • विक्री कक्षको भाडा र सोको व्यवस्थापनमा प्रयोग हुने उपकरण सामग्रीहरु; र्‍याक, फ्रिज/कोल्ड रुम, सोकेस लगायतका सामग्रीमा |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख    मन्त्री

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • कार्यक्रममा सहभागी हुने लाभग्राहीले कारोबार सुनिश्चितका लागि कृषकहरुको कृषि उपज खरिद गर्ने पूर्व खरिद सम्झौता पेश गर्नुपर्नेछ,<br>• बिक्री कक्षको दिगो सञ्चालनका लागि स्थानीय तहको प्रतिवद्धता हुनुपर्नेछ। | अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ। |
| २८. | कृषि यान्त्रिकीकरण कार्यक्रम | • सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद,<br>• कार्यालयले वितरणको अभिलेख राख्ने। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने। | • अधिकतम ५० प्रतिशत अनुदान (प्रति अनुदानग्राही अधिकतम रू. एक लाख)। |
| २९. | बेसार सुकाउने ड्रायर सहयोग | • बेसार सुकाउने पूर्वाधार, यन्त्र उपकरण खरिद<br>• कार्यालयले वितरणको अभिलेख राख्ने। | • कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• प्रदेश सरकारका सहयोगमा स्थापित बेसार सङ्कलन तथा प्रशोधनको क्षमता विस्तार तथा स्तरबृद्धि कार्यलाई प्राथमिकता दिन सकिने।<br>• कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित सहकारीले खरिद गर्नुपर्ने। | • अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ३०. | कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम | • बजार संरचना निर्माण/सुधार/स्तरोन्नति,<br>• निर्मित बजारहरुको हकमा बजार सूचनासँग सम्बन्धित कियाकलापहरु (बजार मूल्य डिस्प्ले/सूचना प्रवाह, | • कृषक समूह/कृषि सहकारी/बजार सञ्चालक समिति सहभागी हुन सक्ने,<br>• नयाँ हाट बजार निर्माणको हकमा पहाडी जिल्लाहरुमा न्यूनतम ३ रोपनी र तराइका जिल्लाहरुमा न्यूनतम ७ कठ्ठा क्षेत्रफल हुनुपर्ने, | • नयाँ हाट बजार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत वा पन्ध्र लाखमध्ये जुन कम हुन आउँछ सो रकम अनुदान सहयोग, |



महाशाखा प्रमुख

कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | डिजिटल भुक्तानी प्रणाली, बजार तथ्याङ्क व्यवस्थापन।,<br>• निर्मित बजारहरुको हकमा बजार व्यवस्थापन सम्बन्धी संरचना निर्माण तथा मर्मत सम्भार, पोष्टहार्भेस्ट प्याकेजिङ, भण्डारण, प्रशोधन तथा कृषि उपज बजारीकरणका लागि आवश्यक उपकरण तथा सामग्री तथा अन्य आवश्यक सेवाहरु,<br>• कृषि बजारका प्रतिनिधिहरुलाई बजार सञ्चालन तथा व्यवस्थापनका लागि क्षमता अभिवृद्धि (गोष्ठी, कृषि उपज उत्पादक तथा खरिदकर्ता बीच भेटघाट, अन्तरक्रिया, भ्रमण, तालिम लगायत। | • नयाँ बजार पूर्वाधार निर्माणको हकमा प्रस्तावक स्वयंको नाममा जग्गाको स्वामित्व हुनुपर्ने<br>• प्रस्ताव पेश गर्दा सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ<br>• क्षमता अभिवृद्धि, स्तरोन्नती कार्यहरु, पोस्ट हार्भेस्ट प्याकेजिङ्ग, भण्डारण, प्रशोधन तथा कृषि उपज बजारीकरणका लागि आवश्यक उपकरण तथा सामग्री सहयोग जस्ता क्रियाकलापहरु पुराना सञ्चालनमा रहेका बजारहरु/कृषि उपज बजारीकरण गरिरहेका कृषक समूह/कृषि सहकारीमा गरिने। | • स्तरोन्नतीको हकमा कूल लागतको ७५ प्रतिशत वा सात लाखमध्ये जुन कम हुन आउँछ सो रकम अनुदान सहयोग।<br>• सञ्चालनमा रहेका बजारहरुलाई थप सूचना प्रविधिमैत्री वा पूर्वाधारयुक्त बनाउन आवश्यक पर्ने सामग्री वा उपकरण जडानको आवश्यकता कार्यालयले देखेमा प्रति बजार रु. दुई लाख पचास हजारसम्म खर्च गर्न सकिने।<br>• नयाँ बजार संरचना निर्माण र स्तरोन्नती पश्चात पूरक कार्यक्रमको रुपमा कार्यालयले रु. दुई लाखमा नबढ्ने गरी पोस्ट हार्भेस्ट, बजारीकरण लागि आवश्यक उपकरण तथा सामग्री खरिद र रु. पच्चीस हजारमा नबढ्ने गरी क्षमता अभिवृद्धिसँग सम्बन्धित गोष्ठी, भ्रमण, तालिम लगायतका क्रियाकलापहरु लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्न सक्ने। |
| ३१. | संकलन केन्द्र निर्माण/स्तरोन्नती | • संकलन केन्द्र निर्माण/सुधार/स्तरोन्नती, | • कृषक समूह/कृषि सहकारी/बजार सञ्चालक समिति सहभागी हुन सक्ने, | • संकलन केन्द्र निर्माण हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत |



कृषि अर्थविज्ञ   महाशाखा प्रमुख

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • निर्मित बजारहरुको हकमा बजार व्यवस्थापन सम्बन्धी उपकरण तथा सामग्री तथा अन्य आवश्यक सेवाहरु। | • संकलन केन्द्रको हकमा पहाडी जिल्लाहरुमा न्यूनतम १ रोपनी र तराइका जिल्लाहरुमा न्यूनतम ३ कट्ठा क्षेत्रफल हुनुपर्ने,<br>• नयाँ संरचना निर्माणको हकमा प्रस्तावक स्वयंको नाममा जग्गाको स्वामित्व हुनुपर्ने<br>• प्रस्ताव पेश गर्दा सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ। | वा अधिकतम दश लाखसम्म अनुदान सहयोग।<br>• संकलन केन्द्र स्तरोन्नतीको हकमा कूल लागतको ७५ प्रतिशत वा अधिकतम तीन लाखसम्म अनुदान सहयोग। |
| ३२. | प्राङ्गारिक मल उत्पादकलाई सहयोग | • प्राङ्गारिक मल उत्पादनमा प्रयोग हुने यन्त्र उपकरण खरिद तथा जडान।<br>• जैविक तथा प्राङ्गारिक मल उत्पादनका लागि पूर्वाधार विकास/स्तरोन्नती<br>• कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/कृषि बजार समितिबाट उत्पादित जैविक/प्राङ्गारिक मलको परीक्षण सहयोग गर्न सकिने,<br>• उत्पादन, प्याकेजिङ्ग, भण्डारणसँग सम्बन्धित पूँजीगत तथा चालु प्रकृतिका क्रियाकलापहरु | • कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/ कृषि बजार समिति मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• नयाँ पूर्वाधार निर्माणका लागि सम्बन्धित समूह/सहकारी/फर्म/कम्पनी/कृषि बजार समितिको स्वयं आफ्नै स्वामित्वमा जग्गा हुनुपर्ने,<br>• कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम मल उत्पादन यन्त्र उपकरणहरु सम्बन्धित समूह/सहकारी/फर्म/कम्पनीले खरिद गर्नुपर्ने। | • नयाँ पूर्वाधार निर्माणको हकमा ५० प्रतिशत वा सात लाखमध्ये जुन कम हुन आउँछ सो रकम उपलब्ध गराइने,<br>• पूर्वाधार स्तरोन्नतीको हकमा ५० प्रतिशत वा अधिकतम पाँच लाखमध्ये जुन कम हुन आउँछ सो रकम अनुदान उपलब्ध गराइने,<br>• यन्त्र उपकरण लगायत चालु प्रकृतिका क्रियाकलापको हकमा कूल लागतको ५० प्रतिशत वा तीन लाख मध्ये जुन कम आउँछ सो रकम अनुदान उपलब्ध गराइने,<br>• जैविक/प्राङ्गारिक मलको परीक्षणका लागि कार्यालयले शतप्रतिशत खर्च बेहोर्ने। |
| ३३. | मलको गुणस्तर परीक्षण | कार्यालयले प्रचलित नियमानुसार गर्नुपर्नेछ। | | |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ३४. | कृषि उपजमा विषादीको मात्रा परिक्षण (नमुना संकलन र परिक्षण) | कार्यालयले प्रचलित नियमानुसार गर्नुपर्नेछ। | | |
| ३५. | मह बिक्री केन्द्र संचालनमा सहयोग | • प्रदेशस्तरको मौरीपालक महासंघसंगको समन्वयमा संचालित मह बिक्री केन्द्रमा महको बजारीकरणका लागि सहयोग गर्ने,<br>• भाडामा मह बिक्री केन्द्र संचालन गरेमा भाडा खर्च उपलब्ध गराउने,<br>• महको बजारीकरण सहयोगका लागि आमसंचारका माध्यमबाट प्रचार प्रसार सहयोग। | • प्रदेशस्तरको मौरीपालक महासंघसंगको समन्वयमा कार्यक्रम संचालन गर्ने,<br>• बिक्री केन्द्रको कारोबार सम्बन्धी जानकारी/प्रतिवेदन महासंघले कार्यालयलाई त्रैमासिक रुपमा उपलब्ध गराउने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• मह बिक्रीकक्षको स्थापना गर्दा लाग्ने खर्च र स्थापना हुने बिक्रीकक्षको भाडामा ५०% तथा संचालनमा रहेका बिक्रीकक्षको हकमा भाडामा २५% अनुदान र महको बजारीकरण सहयोगका लागि आमसंचारका माध्यमबाट कार्यालयले प्रचार प्रसार गर्ने। |
| ३६. | आकस्मिक बाली संरक्षण सेवा | • कार्यालयले स्प्रेयर, जैविक तथा गैर रासायनिक विषादी, रासायनिक विषादी, एप्रोन, ग्लोभ्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामग्रीहरू खरिद गरी प्रकोप व्यवस्थापन गर्ने,<br>• कार्यक्रमको अभिलेखीकरण गरी प्रतिवेदन तयार गर्नुपर्ने। | • कार्यालयले कुनै क्षेत्रमा आकस्मिक रूपमा बाली तथा बिरुवामा शत्रुजीवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ३७. | सेवानिवृत्त जनशक्ति परिचालन | • सेवानिवृत्त विज्ञहरूको सूची (रोष्टर) तयार गर्ने (सूची वर्षभरि नै अद्यावधिक गर्न सकिने र यस अधि | • निजामती कृषि सेवा/नेपाल कृषि अनुसन्धान परिषद/ सरकारी कृषि/पशुपन्छी अध्यापन गर्ने संस्था, कृषि/पशुपन्छी बोर्ड/कम्पनी/कृषि बैंकबाट कम्तीमा अधिकृतस्तरको सेवानिवृत्त प्राविधिक | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• परिचालन गरिने सेवा निवृत्त व्यक्ति जुन पदबाट निवृत भएको सोही पद |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | सूचीकृत भैसकेको हकमा सूचीकृत हुनु नपर्ने),<br>• अन्तरकृया र अभिमुखीकरण गर्ने,<br>• कार्य क्षेत्रगत शर्त (ToR) निर्माण गर्ने,<br>• परिचालन। | कर्मचारीहरूको सूची/रोष्टरमा सूचीकृत व्यक्ति परिचालन गर्नुपर्ने,<br>• आवश्यकताको आधारमा दिनुपर्ने विज्ञ सेवा र अवधि सहित तोकी परिचालन गर्नुपर्ने,<br>• सम्बन्धित कृषि प्रसार र प्राविधिक सेवा सञ्चालन गर्नुपर्ने । | अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता उपलब्ध गराइने। |
| ३८. | बाली कटानी कार्यक्रम | • छनोट गरिएको नमूना क्षेत्रमा बाली कटानी गर्ने,<br>• बाली कटानी भएको नमुना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने र कार्यालयमा अभिलेख राखी सोको प्रतिलिपी निर्देशनालयमा पठाउने। | • सिजन अनुसार बालीहरू कटानी गरी उत्पादकत्व मापन गर्ने,<br>• सिंचित र असिंचित उत्पादन क्षेत्रहरूको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्न क्षेत्रहरू एकिन गर्ने,<br>• छनोट गरिएका क्षेत्र मध्ये (५ फिट×५ फिट) एउटा नमूना हुने गरी बाली कटानी गर्ने,<br>• प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन तथ्याङ्क लिने,<br>• एक बाली कटानीमा पाँच नमूना हुनुपर्ने,<br>• फलफूल बालीका हकमा निर्देशनालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुने। | • क्षतिपूर्ति र ज्याला खर्च बापत प्रति बाली कटानी रू. ५००।- खर्च गर्न सकिने। |
| ३९. | विश्वविद्यालय, नार्क, विषय विज्ञ आदिको समन्वयमा समस्यामा आधारित प्रविधि हस्तान्तरण/प्रसार कार्यक्रम-वस्तुगत टेवा सहित | निम्नानुसारका क्रियाकलापहरुमध्ये आवश्यकता अनुसार सञ्चालन गर्न सकिने<br>• समस्या पहिचान,<br>• अभिमूखिकरण तथा अभियान संचालन,<br>• प्रविधि प्रदर्शन, | • स्थलगत अनुगमनका क्रममा देखिएका वा जिल्लास्थित कार्यालय वा स्थानीय तह मार्फत जानकारीमा आएका र आर्थिक क्षति पुगेका/पुग्ने सम्भावना देखिएका व्यावसायिक बाली भएको स्थानहरुमा कार्यक्रम सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• विषय विज्ञको दैनिक तथा भ्रमण खर्च र आवश्यक सामाग्री व्यवस्थापनमा नियमानुसार खर्च गर्न सकिने। |

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • समस्या समाधानसँग सम्बन्धित सामग्री वितरण। | | |
| ४०. | मुक्त कमैया कम्लरी आयआर्जन कार्यक्रम | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्रियाकलापमा सहयोग,<br>• साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदि),<br>• तालिम तथा सचेतना। | • कार्यालयले उपयुक्त स्थान छनोट गरी मुक्त कमैया कम्लरी समुदायको मागको आधारमा बाली पहिचान गर्नुपर्ने,<br>• सिमान्तकृत, विपन्न, भूमिहीन, विपन्न दलित मुक्त कमैया/कम्लहरी समुदायलाई प्राथमिकता दिनुपर्ने,<br>• समुदायमा कम्तीमा १५ जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने,<br>• कार्यालयले चौथो तहका प्राविधिकहरुलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि कार्य तर्फ प्रति परिवार अधिकतम रु. २० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ। |
| ४१. | कृषि प्रयोगशाला निर्माण/स्तरोन्नतीमा सहयोग | • कृषि प्रयोगशाला निर्माण र स्तरोन्नतीसँग सम्बन्धित परीक्षण, मापन सम्बन्धित यन्त्र उपकरण र सामग्री खरिद तथा जडान | • सम्बन्धित प्राविधिक शिक्षालय/विश्वविद्यालयसँग कार्ययोजना र लागत अनुमान सहितको प्रस्ताव माग गरी आपसी समन्वयमा सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने<br>• सञ्चालन हुने कार्यक्रम कार्यान्वयन सम्बन्धित शिक्षालय/विश्वविद्यालयले गर्नेछ र कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्यालयले सम्बन्धित शिक्षालय/विश्वविद्यालयको बैंक खातामा रकम भुक्तानी गर्नेछ। | • विनियोजित बजेटको परिधिभित्र रही सम्झौता बमोजिम ७५ प्रतिशत प्रदेश सरकार र २५ प्रतिशत सम्बन्धित निकायको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने। |
| ४२. | कुरिलो/अकबरे खुर्सानी/चैते धान/बगर खेती/व्यावसायिक | • फर्म/ कृषक समूह/कृषि सहकारीले बालीको उत्पादन तथा प्राथमिक | • देहायका बालीमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्नेः | • बजेटको परिधि भित्र रहीः<br>• यन्त्रउपकरण/अन्य सामग्रीको हकमा ५० प्रतिशत |

कृषि अर्थविज्ञ
महाशाखा प्रमुख



सचिव

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | तरकारी/तरकारी/बर्षे आलु/आलु प्रवर्द्धन कार्यक्रम | प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरू<br>• बीउ बिजन, बाली संरक्षण, सुक्ष्मतत्व, जैविक विषादी आदी | बाली/वस्तु — तराई — पहाड<br>कुरिलो (थप हे.) — ०.२ — ०.१<br>अकबरे खुर्सानी (थप हे.) — --- — ०.५<br>चैते धान (हे.) — १ — १<br>बगर खेती (हे.) — ०.५ — ०.५<br>तरकारी — ५ कट्ठा — २ रोपनी<br>बर्षे आलु — ------- — ३ रोपनी<br>आलु — ५ कट्ठा — <br>समूह/सहकारीको हकमा उल्लिखित क्षेत्रफलको ५ गुणा बढी हुनुपर्ने | • बीउ बिजन तथा टनेल निर्माणमा ५० प्रतिशत<br>• प्रति कट्ठा बढीमा रू. ३०००।- सम्म अनुदान सहयोग<br>• बगर खेती र चैते धानको हकमा प्रति कट्ठा बढीमा रु. १५००।- सम्म अनुदान सहयोग<br>• कुरिलो र अकबरे खुर्सानीको हकमा प्रति कट्ठा रु. ४०००।- सम्म अनुदान सहयोग गर्न सकिने। |
| ४३. | महिला कृषक समूह मार्फत आलु/तरकारी प्रवर्द्धन कार्यक्रम | • महिला कृषक समूह मार्फत बालीको उत्पादन तथा प्राथमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरू,<br>• बीउ बिजन, बाली संरक्षण, सुक्ष्मतत्व, जैविक विषादी आदी,<br>• तरकारी नर्सरी निर्माण तथा व्यवस्थापन,<br>• क्षमता विकास, प्रदर्शन, शिविर आदी। | • महिला कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• कम्तिमा १० कट्ठामा तरकारी खेती भएको वा गर्नुपर्ने,<br>• क्षमता विकास, प्रदर्शन, शिविर आदि कार्यक्रम कार्यालयले संचालन गर्ने। | • प्रति अनुदानग्राही कूल लागतको ५० प्रतिशत वा अधिकतम दुई लाख पचास हजार अनुदान सहयोग,<br>• क्षमता विकास, प्रदर्शन, शिविर आदि कार्यक्रममा बिनियोजित बजेटको अधिकतम २० प्रतिशत खर्च गर्न सकिने। |
| ४४. | टनेलभित्र तरकारी खेतीका लागि प्लाष्टिक वितरण | • टनेलभित्र तरकारी खेतीका लागि प्लाष्टिक खरिद तथा वितरण। | • कार्यालयले उपयुक्त फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने | • कार्यालयले प्रचलित नियमानुसार खरिद गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। |

कृषि अर्थविज्ञ — महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • खरिद गरिने प्लाष्टिक कम्तिमा १० जिएसएमको हुनुपर्ने<br>• प्लाष्टिक बाहेकको संरचना बनाएको हुनुपर्ने<br>• प्रति लाभग्राही अधिकतम ५ थान प्लाष्टिक उपलब्ध गराइनेछ | |
| ४५. | किवी प्रवर्द्धन कार्यक्रम | • उत्पादन सामाग्री (विरुवा ढुवानी सहित, सुक्ष्मतत्व, तथा उपकरण (स्प्रेयर, करौती, सिकेचर, आदि),<br>• पोल, थाक्रा र तार,<br>• खाडल खन्ने उपकरण (डिगर),<br>• सिंचाई पूर्वाधार (प्लाष्टिक पोखरी, ड्रिप सेट, पाइप, पानी तान्ने पम्प, आदि)। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• न्यूनतम ३ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना भएको वा गर्नुपर्ने। | • विरुवा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्ग सहित), पोल तथा अन्य उत्पादन सामाग्री तथा उपकरण र सिंचाई पूर्वाधारमा पाँच लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ४६. | स्थापित किवि बगैंचामा पोल सहयोग कार्यक्रम | • स्थापित किवि बगैंचामा पोल खरिद तथा जडान । | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• न्यूनतम ३ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना भएको वा गर्नुपर्ने। | • प्रयोग हुने पोलमा प्रति रोपनी एक लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ४७. | सुन्तला/कागती खेती प्रवर्द्धन कार्यक्रम | • उत्पादन सामाग्रीहरुः प्राङ्गारिक मल, विरुवा, सिचाईका लागि आवश्यक सामग्री, सिंचाइ पूर्वाधार, साना कृषि औजार उपकरण। | • कम्तीमा ३ रोपनीको बगैंचा स्थापना भएको वा हुनुपर्ने<br>• विरुवा रोप्दा बगैंचाको रेखाङ्कन गर्नुपर्नेछ,<br>• लगाएको विरुवा मरेमा सम्बन्धित कृषकले नै पुनरोपण गर्ने प्रतिबद्धता हुनुपर्ने। | • विरुवा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्ग सहित), अन्य उत्पादन सामाग्री तथा उपकरण र सिंचाई पूर्वाधारमा प्रति रोपनी दश हजारमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ४८. | एभोकाडो प्रवर्द्धन कार्यक्रम | • उत्पादन सामाग्रीहरुः प्राङ्गारिक मल, विरुवा, सिचाईका लागि आवश्यक | • कम्तीमा २ रोपनीको बगैंचा स्थापना भएको वा हुनुपर्ने,<br>• विरुवा रोप्दा बगैंचाको रेखाङ्कन गर्नुपर्नेछ । | • विरुवा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्ग सहित), अन्य उत्पादन सामाग्री तथा उपकरण र सिंचाई |

कृषि अर्थविज्ञ



२०८१/६/१८

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | सामग्री, सिंचाइ पूर्वाधार, साना कृषि औजार उपकरण। | • लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकले नै पुनरोपण गर्ने प्रतिबद्धता हुनुपर्ने। | पूर्वाधारमा प्रति रोपनी दश हजारमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ४९. | केरा खेती प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, , बजारीकरण सामग्रीहरू, Ripening chamber, भण्डारण लगायतका पूर्वाधार सुधार वा निर्माण गर्ने कियाकलापहरू। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठामा खेती गर्नुपर्ने। | • बीउबिजन/बेर्ना, उत्पादन सामाग्री तथा उपकरण, सिंचाई तथा भण्डारण पूर्वाधारमा प्रति हेक्टर एक लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५०. | मौरी प्रवर्द्धन कार्यक्रम | • मह मदानी, सुपर सहितको मौरी घार, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, ब्रस, मह छात्रे भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद<br>• उन्नत/कृत्रिम रानु खरिद प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू खरिद। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | • रु. एक लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५१. | फलफूल प्रवर्द्धन कार्यक्रम | उत्पादन सामाग्रीहरुः प्राङ्गारिक मल, बिरुवा, सिचाईका लागि आवश्यक सामग्री, सिंचाइ पूर्वाधार, साना कृषि औंजार उपकरण तथा उत्पादन पूर्वाधार बगैंचा सुदृढीकरणसँग सम्बन्धित क्रियाकलापहरू | • स्थानीय प्राथमिकताका आधारमा कार्यालयले बढीमा ३ प्रकारका फलफूल बाली छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यालयले उपयुक्त फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा ३ रोपनीको बगैंचा स्थापना भएको वा हुनुपर्ने | • बिरुवा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्ग सहित), पोल तथा अन्य उत्पादन सामाग्री तथा उपकरण र सिंचाई पूर्वाधारमा प्रति रोपनी दश हजारमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |



कृषि अर्थविज्ञ    महाशाखा प्रमुख

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • बिरुवा रोप्दा बगैंचाको रेखाङ्कन गर्नुपर्नेछ,<br>• लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकले नै पुनरोपण गर्ने प्रतिबद्धता हुनुपर्ने, | |
| ५२. | उद्योग लक्षित आलु प्रवर्द्धन कार्यक्रम | • कृषि उत्पादन सामाग्रीहरु: बीउ, वाली संरक्षण, सिंचाइ व्यवस्थापन (मलखाद बाहेक)मा अनुदान सहयोग गर्न सकिने। | • कार्यालयले उपयुक्त फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,<br>• उद्योग लक्षित एकल वा सामूहिक उत्पादन/बिक्री योजना हुनुपर्ने,<br>• औद्योगिक प्रयोजनका लागि उत्पादन गर्नुपर्ने,<br>• कम्तिमा एकल खेतीको हकमा १० कठ्ठा र सामूहिक उत्पादनको हकमा ३० कठ्ठामा आलु खेती गर्नुपर्नेछ। | • प्रति कठ्ठा रु. ४०००।– मा नबढ्ने गरी कृषि उत्पादन सामाग्रीमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५३. | पि. बि. एस/ टि. पि. एस. बीउ आलु वितरण | • कार्यालयबाट बीउ खरिद तथा वितरण | • बीउ उत्पादन कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,<br>• बीउ उत्पादन र बिक्री अनुमति प्राप्त संस्था वा त्यस्तो संस्थासँग आवद्ध भएको हुनुपर्ने | • कुल लागतको ५० प्रतिशत अनुदान सहयोग। |
| ५४. | बादी समुदायका लागि कृषि उपज ढुवानीका लागि अटो रिक्सा खरिदमा सहयोग | • कृषि उपज ढुवानीका लागि खरिद गरिने अटो रिक्साको लागत अनुमान र स्पेशिफिकेशन कार्यालयबाट स्वीकृत गर्नुपर्ने<br>• कृषि उपज ढुवानीका लागि उपयुक्त हुने गरी डिजाइन भएको अटो रिक्सा खरिद गर्नुपर्ने। | • कृषि उपजको उत्पादन वा बजारीकरण वा दुबै कार्यमा संलग्न भएको बादी समुदायको व्यक्ति वा समूह हुनुपर्ने।<br>• कम्तीमा ५ बर्षसम्म नामसारी गर्न नपाइने। | • प्रति अटो रिक्सा ८० प्रतिशत वा अधिकतम रु. ६ लाखमध्ये जुन कम हुन आउँछ सो रकम अनुदान सहयोग गर्न सकिने। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क.सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ५५. | वस्तुगत सहयोग सहित कृषि व्यवसाय सम्बन्धी तालिम | • तालिम,<br>• कृषि उत्पादन सामग्रीहरु, सिंचाइ, बजारीकरण सम्बन्धी सामग्रीमा सहयोग | • व्यावसायिक तरकारी उत्पादन वा बजारीकरणमा संलग्न भएका कृषि फर्म/समूह/कृषि सहकारी हुनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सक्ने। |
| ५६. | स्मार्ट बागबानी प्रविधि (Precision and Protected Horticulture) सुधार र विस्तार सहयोग कार्यक्रम | • स्मार्ट बागवानी प्रविधि सुधार र विस्तारको लागि सिंचाइको लागि सोलार प्रणाली जडान, बजारीकरण सामग्री सहयोग, लेवलिङ तथा प्याकेजिङ सामग्री सहयोग | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने<br>• संरक्षित संरचनाभित्र कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गरेको हुनुपर्ने | • रु. ५ लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५७. | बीउ आलुको ढुवानी, बोरा तथा शीत भण्डार शुल्कमा सहयोग कार्यक्रम | • शीत भण्डारण शुल्क सहयोग,<br>• बीउ ढुवानी,<br>• बोरा खरिद/छपाई। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने,<br>• बोरा छपाईको हकमा आर्थिक वर्ष उल्लेख गर्नुपर्ने। माग अनुसार शीत भण्डार शुल्कमा मात्र समेत सहयोग गर्न सकिने।<br>• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले बीउ आलु उत्पादन योजना सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने वा जानकारी दिनुपर्ने । | • बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ५८. | नार्कसंगको सहकार्यमा Farmers field day | • नार्कबाट विकसित प्रविधि र नार्कद्वारा सञ्चालित गतिविधिहरुको सन्दर्भमा अगुवा कृषकहरु सम्मिलित स्थलगत अवलोकन कार्यक्रम सञ्चालन गर्ने। | • कृषक भ्रमणको नर्म्स पालना गर्ने। | • विनियोजित बजेटको परिधिभित्र रही कृषक भ्रमणको नर्म्स बमोजिम खर्च गर्ने। |
| ५९. | सहकारी मार्फत स्थानीय उत्पादनको प्रशोधन र बजारीकरणमा सहयोग | • स्थानीय बाली (खाद्यान्न/फलफूल/तरकारी) खेती | • कृषि सहकारी संस्था मार्फत स्थानीय उत्पादन प्रशोधन र बजारीकरणका कार्यक्रम कार्ययोजना सहित प्रस्ताव माग गरी छनौट गर्नु पर्ने। | • प्रति अनुदानग्राही रु. २ लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

कृषि अर्थविज्ञ  महाशाखा प्रमुख

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | क्षेत्र विस्तारका लागि बीउ, विरुवा, बेर्ना, प्राङ्गारिक मल, सुक्ष्म तत्व,<br>• सिंचाइ कार्यसँग सम्बन्धित उपकरण सामग्री, उत्पादन सहयोगी यन्त्र/उपकरण,<br>• बजारीकरण तथा प्रशोधनसँग सम्बन्धित सामग्रीहरु तथा यन्त्र उपकरण खरिद। | • आफ्नो उत्पादन प्रशोधन र बजारीकरण गर्नेलाई प्राथमिकता दिन सकिने। | |
| ६०. | कृषि सहकारी मार्फत कृषि प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | • स्थानीय वाली (खाद्यान्न/फलफूल/तरकारी) खेती क्षेत्र विस्तारका लागि बीउ, विरुवा, बेर्ना, प्राङ्गारिक मल, सुक्ष्म तत्व आदी,<br>• सिंचाइ कार्यसँग सम्बन्धित उपकरण सामग्री, उत्पादन सहयोगी यन्त्र/उपकरण,<br>• बजारीकरण तथा प्रशोधनसँग सम्बन्धित सामग्रीहरु तथा यन्त्र उपकरण खरिद। | • कृषि सहकारी संस्था मार्फत स्थानीय उत्पादन प्रशोधन र बजारीकरणका कार्यक्रम कार्ययोजना सहित प्रस्ताव माग गरी छनौट गर्नु पर्ने,<br>• आफ्नो उत्पादन प्रशोधन र बजारीकरण गर्नेलाई प्राथमिकता दिन सकिने,<br>• ५ लाख वा सो भन्दा बढी लागतको प्रस्ताव मात्र पेश गर्नुपर्ने। | • प्रति कृषि सहकारी रु. ५ लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ६१. | कृषि उपजको बजारीकरणमा सहयोग | • स्थानीय उत्पादनको संकलन, प्याकेजिङ्ग, ग्रेडिङ्ग र बजारीकरण सामग्रीमा सहयोग,<br>• बजार विकासका उपकरण, ठेला, अटो रिक्सा आदि। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/बजार व्यवस्थापन समितिलाई बजारीकरणका कार्यक्रम कार्ययोजना सहित प्रस्ताव माग गरी छनौट गर्नु पर्ने,<br>• आफ्नो उत्पादन प्रशोधन र बजारीकरण गर्नेलाई प्राथमिकता दिन सकिने।<br>• तरकारीको बजारीकरणलाई प्राथमिकता दिने। | • प्रति अनुदानग्राही रु. एक लाखमा नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ६२. | निर्मित साना सिंचाई संरचनाको उपयोगिता अध्ययन/सिंचित क्षेत्रहरुमा कृषि उत्पादनका लागी अभिमूखिकरण तथा प्रोफाईलिङ्ग | • अनुदानमा निर्मित साना सिंचाई संरचनाको उपयोगिता सम्बन्धमा अध्ययन गरी प्रभावकारिता बृद्धि गर्ने।<br>• अभिमूखिकरण तथा क्षेत्रगत प्रोफाईलिङ्ग कार्य<br>• प्रतिवेदन तयारी | • कार्यालयको जनशक्ति उपयोग गरी अध्ययन अभिमूखिकरण तथा प्रोफाईलिङ्ग कार्य गर्ने<br>• तथ्यांक संकलनकार्य,संकलनकर्ताको लागी खर्च,ईन्धन, अध्ययन समाग्री,तथ्यांक विश्लेषण र प्रतिवेदन तयारी।<br>• सिंचित क्षेत्रमा कृषि उत्पादनका लागी प्रोफाईलिङ्गसँगै बाली सघनता बृद्धिका लागी अभिमूखिकरण गर्ने। | • विनियोजित बजेटको परिधिभित्र रही कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। |
| ६३. | मोरिङ्गा प्रवर्द्धन कार्यक्रम | • मोरिङ्गाको उत्पादन तथा उप-उत्पादन कटानी र प्रशोधन उपकरण,<br>• संकलन तथा भण्डारणका लागि आवश्यक सामग्रीहरु | • मोरिङ्गा उत्पादन गरिरहेको फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सङ्कलन, प्रशोधन तथा बजारीकरण गर्ने कार्ययोजना सहित प्रस्ताव पेश गर्नुपर्ने।<br>• सम्झौता गरी कार्यक्रम सम्पन्नताका आधारमा लाभग्राहीको खातामा भुक्तानी दिन सकिने। | • प्रति अनुदानग्राही रु. पाँच लाखमा नबढ्ने गरी कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ६४. | उखु प्रवर्द्धन कार्यक्रम | • उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यहरु। | • कम्तीमा ५ रोपनी क्षेत्रफलमा उखु लगाएको हुनुपर्ने।<br>• सामूहिक वा एकल रुपमा एकै क्लष्टरमा खेती गरेको हुन पर्ने। | • प्रति हेक्टर रु. एक लाखमा नबढ्ने गरी उत्पादन सामाग्री (बीउ), प्रशोधनका यन्त्र उपकरणहरुमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ६५. | बीउ विजन पूर्वाधार कार्यक्रम | • बीउ भण्डारणका लागि पूर्वाधार निर्माण,<br>• बीउ प्रशोधनका लागि यन्त्र उपकरणमा सहयोग। | • बीउ उत्पादन कार्यमा संलग्न फर्म कम्पनी समूह सहकारी हुनुपर्ने,<br>• स्रोत वा उन्नत वा दुवै बीउ उत्पादन गरी कारोवार गरिरहेको हुनुपर्ने,<br>• बीउ उत्पादन तथा कारोबारको अनुमति प्राप्त फर्म कम्पनी समूह सहकारी हुनुपर्ने। | • रु. दश लाखमा नबढ्ने गरी पूर्वाधार निर्माण र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

कृषि अर्थविज्ञ  महाशाखा प्रमुख

मन्त्री
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ६६. | सुन्तलाजात फलफूल बगैंचाको औंसा कीरा व्यवस्थापन कार्यक्रम | • सचेतनामूलक तालिम/गोष्ठी,<br>• कीराले संक्रमण गरेका फलहरु जम्मा गरी पुर्नका लागि खाडल तयारी,<br>• प्रोटिन बेट, ग्रेट फ्रुट फ्लाइ बेट,<br>• बिषादी छर्ने एप्रोन,<br>• स्प्रेयर,<br>• अन्य आवश्यक सामाग्रीहरु। | • गाउँ, टोल वा समूदायको बगैंचा समेटेर कार्यक्रम सञ्चालन गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। |
| ६७. | बीउ प्रशोधन तथा प्याकेजिङ्ग यन्त्र उपकरण तथा सामग्री सहयोग | • बीउ प्रशोधन तथा प्याकेजिङ्ग यन्त्र उपकरणहरु | • बीउ उत्पादन कार्यमा संलग्न फर्म कम्पनी समूह सहकारी हुनुपर्ने,<br>• स्रोत वा उन्नत वा दुवै बीउ उत्पादन गरी कारोबार गरिरहेको हुनुपर्ने,<br>• बीउ उत्पादन तथा कारोबारको अनुमति प्राप्त फर्म कम्पनी समूह सहकारी हुनुपर्ने। | • रु. एक लाखमा नबढ्ने गरी यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान सहयोग। |
| ६८. | तथ्याङ्क व्यवस्थापन अभियान | • तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण, प्रतिवेदन सम्बन्धमा तालिम तथा गोष्ठीहरू सञ्चालन गर्ने।<br>• तथ्याङ्क validation, triangulation सम्बन्धी कियाकलाप<br>• प्रादेशिक महत्वका कार्यक्रमको तथ्याङ्क संकलन तथा उपलब्धि मापन<br>• राष्ट्रिय कृषि सर्वेक्षणलाई सहयोग हुने गरी अभिमूखीकरण/तालिम, ICT सामग्री खरिद। | • स्थानीय तह र जिल्लास्थित कार्यालयबाट प्राप्त तथ्याङ्कहरुको आधार विश्लेषण, प्रतिवेदन तयारी कार्य सञ्चालन गर्नुपर्ने<br>• स्थानीय तह र संघीय निकायसँग तथ्याङ्क व्यवस्थापन सम्बन्धमा आवश्यक समन्वय गरिनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |

कृषि अर्थविज्ञ (महाशाखा प्रमुख) सचिव

| क सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ६९. | विगतमा सञ्चालित कार्यक्रमहरुको फलोअप | • प्रदेश स्थापना भए पश्चात सञ्चालित कार्यक्रमको सूची तयार<br>• उपलब्धि मापनयोग्य सूचक निर्धारण<br>• प्रतिवेदन तयार। | • तयार गरिएको सूचीका आधारमा नमूना छनोट गरी कार्यक्रमको फलोअप गर्ने<br>• अनुगमनको मापन योग्य सूचक निर्देशनालयले तयार गरे बमोजिम हुने | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने, |
| ७०. | कृषि उपजहरूको थोक र खुद्रा पाक्षिक मूल्य संकलन | • निर्देशनालयले तोकेको मापदण्ड र ढाँचामा बजारको मूल्य संकलन सम्बन्धी कार्य कार्यालयले सञ्चालन गर्ने। | • निर्देशनालयले तोकेको मापदण्ड र ढाँचा अनुसार संकलन गरी पाक्षिक रूपमा निर्देशनालयमा प्रतिवेदन गर्ने।<br>• पाक्षिक मूल्य वेबसाइटमा सार्वजनिक गर्नु पर्ने। | • मूल्य संकलन गरेको खाजा खर्च वापत प्रति पटक बढीमा रु. ३००।- सम्म खर्च गर्न सकिने। |
| ७१. | आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन खर्च | • समूह गठन / परिचालन<br>• आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समिती र आन्तरिक स्वीकृती समिति गठन तथा परिचालन<br>• समितको बैठक सञ्चालन,<br>• अभिमुखीकरण (कृषक समुह/ कृषि सहकारी)<br>• कृषक अभिलेखिकरणका लागी छपाई तथा वितरण (कृषक व्यक्तिगत विवरण, कृषक दैनिकी डायरी)<br>• स्थानीय तहमा कार्यरत प्राविधिक, आन्तरिक निरिक्षण सहजकर्ता परिचालन। | • कार्यालयले उपयुक्त स्थल छनोट गर्ने<br>• स्थानीय तहसँग समन्वय गरी व्यावसायिक रुपमा प्राङ्गारिक उत्पादन हुने बाली वस्तुको क्षेत्रफल र उत्पादन परिमाणको आधारमा उपयुक्त बालीहरु छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• आवश्यकता अनुसार आन्तरिक निरिक्षण सहजकर्ता परिचालन गर्न सकिने,<br>• आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समिति र आन्तरिक स्वीकृती समिति गठन गर्दा स्थान र भूगोल अनुसार एक स्थानमा एक वा एक भन्दा बढी समिति गठन गर्न सकिने,<br>• अन्य मापदण्ड तथा सञ्चालन प्रकिया स्वीकृत म्यानुअल अनुसार हुनेछ<br>• कृषक समूह/कृषि सहकारीमा आवद्ध भएका र उक्त कार्यक्रममा संलग्न कृषकहरुको व्यक्तिगत विवरण अभिलेखिकरण गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने<br>• कार्यालय/स्थानीयतहमा कार्यरत प्राविधिकहरु र आन्तरिक निरिक्षण सहजकर्तालाई परिचालन गर्नु परेमा नियमानुसारको दै.भ्र.भ. र भ्रमण खर्च गर्न सकिने छ। |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • विस्तृत/थप कार्यक्रम सञ्चालन विधि, मापदण्ड तथा आवश्यक अनुसूचीहरु निर्देशनालयले स्वीकृत गरे बमोजिम हुनेछ। | |
| ७२. | लेबलिङ, प्याकेजिङ्ग तथा बजारीकरण खर्च | • स्टिकर तयारी तथा वितरण<br>• प्याकेजिङ्ग सामग्री खरिद तथा वितरण (जुट तथा जालीदार बोरा, कार्टुन, सिसाको बट्टा)<br>• औजार उपकरण खरिद (ग्रेडर्स लगायत अन्य उपकरण) | • प्राङ्गारिक प्रमाणिकरण गर्ने निकाय र उत्पादक संस्थाको समन्वयमा लोगो तथा स्टिकर तयार गर्नुपर्ने<br>• स्थानीय तहको समन्वयमा स्थानीय स्तरमा कृषिजन्य उपजको खरिद बिक्रि गर्ने सहकारी बजार मार्फत बजारीकरण गर्न सकिने<br>• कृषहरुको सामूहिक बजारीकरणका लागि सहजीकरण गर्ने। | • कार्यालयले लागत स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने<br>• औजार उपकरण र प्याकेजिङ्ग सामग्रीमा ५० प्रतिशत अनुदान सहयोग। |
| ७३. | उत्पादित कृषि उपज प्रमाणीकरण खर्च | • बाह्य अर्गानिक निरिक्षकबाट फिल्ड निरिक्षण<br>• कृषक अभिलेखीकरण अध्ययन<br>• प्रमाण पत्र तयारी तथा प्रमाण पत्र जारी<br>• उत्पादित कृषि उपजका नमुनाको प्रयोगशाला परीक्षण | • प्राङ्गारिक उत्पादित कृषि उपजहरुको प्रमाणिकरणका लागि कार्यालयले नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारीक निकाय (तेस्रो पक्ष)सँग समन्वय/सम्झौता गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने ।<br>• आन्तरिक नियन्त्रण प्रणाली स्वीकृती समितिले सिफारिस गरी आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समितिले पेश गरेको प्रतिबेदनको आधारमा प्रमाणिकरण गर्ने निकायबाट प्राङ्गारिक निरिक्षक तोक्ने व्यवस्थाको लागि कार्यालयबाट सहजिकरण गर्नु पर्ने।<br>• प्राङ्गारिक निरीक्षकले संलग्न कृषकहरुको बाली/वस्तु उत्पादन र उत्पादन क्षेत्रको अवलोकन तथा अभिलेख अध्ययन गरी अभिलेखिकरण गरिएका प्राङ्गरिक उत्पादक | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने<br>• प्रमाणपत्र तयारी र प्रमाणपत्र जारी, कृषि उपजको ल्याब परीक्षण गर्दा लाग्ने खर्च र प्रमाणीकरण निकायबाट खटिने प्राङ्गारिक निरीक्षकलाई प्रदान गरिने पारिश्रमिक प्रचलित दररेट बमोजिम हुनेछ। |

कृषि अर्थविद्
महाशाखा प्रमुख

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | कृषकहरु मध्येबाट २ प्रतिशत नमुना लिई प्रयोगशाला परिक्षण गर्ने र उक्त प्रयोगशाला परिक्षणको आधारमा प्रमाणिकरण गर्ने व्यवस्था मिलाउनु पर्ने । | |
| ७४. | मेला, दिवस, सप्ताह, महोत्सव संचालन तथा सहभागी | • मेला/दिवस/महोत्सव/प्रदर्शनी/फेस्टीवल/विज्ञ सम्मेलन सहभागीका लागि सवारी साधन, इन्धन, सजावटका सामग्री, प्रचार प्रसार, छपाई, तुल ब्यानर, पोष्टर, प्रदर्शनको लागि सान्दर्भिक स्टल निर्माण,<br>• व्यवस्थापन, पुरस्कार र सम्मान, अन्तरक्रिया गोष्ठी, प्राविधिक कार्यपत्र तयारी र प्रस्तुती जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिने | • मेला/दिवस/महोत्सव/ प्रदर्शनी/फेस्टीवल/विज्ञ सम्मेलन सरोकारवालाको समन्वयमा सञ्चालन गर्ने,<br>• कार्यक्रममा प्रचार प्रसारको लागि चेतनामूलक पोष्टर, पम्पलेट, ब्रोसर छपाई, स्टल सजावट र व्यवस्थापन गर्न सकिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• सम्बन्धित कार्यालय आफै आयोजक भएको हकमा स्वीकृत लागत अनुमान बमोजिम खर्च गरिने र आफै आयोजक नभएको हकमा प्रति कार्यक्रम अधिकतम ५० हजारसम्म खर्च गर्न सकिने। |
| ७५. | स्थानीय तहको सहकार्यमा सुपथ मूल्य पसल सञ्चालनमा सहयोग | • सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन सम्बन्धित क्रियाकलापहरु। | • कार्यालयले इच्छुक स्थानीय तह छनोट गरी लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• स्थानीय तहले साझेदारी रकम बेहोर्ने प्रतिबद्धता पेश गर्नुपर्ने।<br>• सुपथ मूल्य पसल सञ्चालनको मोडालिटी स्थानीय तहले तयार गरी सञ्चालन गर्नेछ। | • स्थानीय तह र प्रदेश सरकारको ५०/५० प्रतिशतको लागत सहभागिता रहने। |
| ७६. | पशु स्वास्थ्य शिविर | • औषधी उपचार, खोप, परिजिवी नियन्त्रण, गर्भ परीक्षण, प्रजनन् विकृती उपचार आदि,<br>• प्रचार प्रसार, | • स्थानीय तहको समन्वयमा निश्चित क्षेत्र तोकी न्यूनतम ५० घरपरिवार लाभान्वित हुने गरी १ दिने शिविर सञ्चालन गर्नु पर्नेछ, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • जनचेतना कार्यक्रम,<br>• घरदैलो सेवा समेत सञ्चालन गर्न सकिने<br>• अभिलेखीकरण र प्रतिवेदन<br>• यातायात तथा व्यवस्थापन खर्च। | • विशेषज्ञ तथा प्राविधिक टोली परिचालन गरी शिविर सञ्चालन गर्नुपर्नेछ,<br>• प्रति शिविर न्यूनतम २०० साना ठूला पशुहरुलाई उपचार तथा प्राविधिक सेवा उपलब्ध गराउनुपर्ने। | |
| ७७. | मत्स्य शिविर/मत्स्य शिविर सेवा सञ्चालन | • शिविर सचालन सम्बन्धी प्रचार प्रसार,<br>• शिविर सञ्चालनमा पानी गुणस्तर, माछाको स्वास्थ्य परिक्षण, उपचार तथा प्राविधिक सेवा दिने,<br>• शिविर सञ्चालनको अन्त्यमा सुझाव सहित आवश्यक सामाग्री उपलब्ध गराउने<br>• यातायात तथा व्यवस्थापन खर्च,<br>• अभिलेखीकरण तथा प्रतिवेदन। | • शिविर कम्तीमा २ दिन सञ्चालन गर्नुपर्ने,<br>• शिविर सञ्चालन स्थानीय तहको पशु सेवा शाखाको समन्वय र प्राविधिक सम्भाव्यताका आधारमा छनोट हुने,<br>• कम्तीमा १ हप्ता अगावै कृषकहरूलाई जानकारी गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा ४० पोखरीमा सेवा प्रवाह गर्नुपर्ने,<br>• आवश्यक परेमा बाह्य विषय विज्ञ समेत प्रयोग गर्न सकिने,<br>• शिविर सञ्चालन भएको स्थानीय तहमा कार्यरत अधिकतम २ जना प्राविधिकहरु परिचालन गर्न सकिने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• कार्यरत विज्ञको हकमा कार्यरत पद/तह अनुसारको दैनिक भ्रमण भत्ता र सेवा निवृत्त व्यक्ति भए जुन पदबाट निवृत्त भएको सोही पद अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता दिन सकिने,<br>• सेवा निवृत्त वा कार्यरत बाहेकका विज्ञको हकमा एघारौं तह सरहको दैनिक भ्रमण भत्ता दिन सकिने,<br>• स्थानीय तहका प्राविधिकलाई यातायात खर्च दिन सकिने। |
| ७८. | डोर टु डोर पशु बाँझोपन निवारण सेवा | • औषधी, हर्मोन, मिनरल, भिटामिन, सिथ, ग्लोब, एप्रोन, सिरिन्ज, निडिल, लगायत अन्य आवश्यक सामग्री उपकरण एवं लजिस्टीक नतिजामापन रिपोटिङ्ग जस्ता क्रियाकलापमा गर्ने।<br>• पशु प्रजनन विज्ञ सेवा | • कार्यालयले त्रैमासिक अवधीमा स्वीकृत लक्ष्य अनुसारको संख्यामा समस्यायुक्त गाई भैंसीहरू पहिचान गरी स्थलगत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यक्रममा निम्नानुसारको जनशक्ति परिचालन गर्न सकिनेछ:-<br>• विषय विज्ञ बढीमा २ जना, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• कार्यरत विज्ञको हकमा कार्यरत पद/तह अनुसारको दैनिक भ्रमण भत्ता र सेवा निवृत्त व्यक्ति भए जुन पदबाट निवृत्त भएको सोही |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च खाजा खर्च, इन्धन आदि। | • पशु चिकित्सक/पशु विकास अधिकृत १ जना,<br>• सहायकस्तरको प्राविधिक कर्मचारी २ जना,<br>• स्थानीय तहमा कार्यरत २ जना सम्म प्राविधिक, कार्यालय सहयोगी १ जना,<br>• कार्यक्रम सञ्चालन पश्चात फलोअप गरी प्रतिवेदन तयार गर्नुपर्ने। | पद अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता दिन सकिने,<br>• सेवा निवृत्त वा कार्यरत बाहेकका विज्ञको हकमा एघारौं तह सरहको दैनिक भ्रमण भत्ता दिन सकिने,<br>• स्थानीय तहका प्राविधिकलाई यातायात खर्च दिन सकिने। |
| ७९. | पशुपन्छी तथा मत्स्य स्वास्थ्य आकस्मिक सेवा/महामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम | • आवश्यक औषधी, उपकरण खरिद तथा वितरण,<br>• पशुपन्छी तथा मत्स्यको उपचार सेवा,<br>• सचेतना कार्यक्रम सञ्चालन। | • आकस्मिक रोग वा संक्रमणबाट बिरामी वा मृत्यु भई प्रकोप फैलिएमा वा फैलन सक्ने सम्भावना देखी सरकारी निकायबाट जानकारी प्राप्त भएमा आकस्मिक रूपमा पशुपन्छी तथा मत्स्य उपचार सेवा कार्यालयले सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| ८०. | भ्याक्सिन बैंक व्यवस्थापन तथा सञ्चालन | • भ्याक्सिन बैंक सञ्चालन, मर्मत, जेल प्याक, कुल बक्स,<br>• जेनेरेटरको इन्धन, विद्युत महशुल,<br>• भ्याक्सिनहरू वितरण र अभिलेखीकरण। | • कार्यालयले नेपाल सरकार तथा अन्य कार्यालयबाट प्राप्त हुने वा खरिद गरेका पशुपन्छीका विभिन्न भ्याक्सिनहरू भण्डारण व्यवस्थापन तथा सञ्चालन। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| ८१. | भ्याक्सिनेटर परिचालन | • स्थानीय तहबाट सिफारिस भइआएका भ्याक्सिनेटर मध्येबाट नियुक्ति गर्ने,<br>• भाक्सिनेटरको दुर्घटना बीमा<br>• अभिमुखीकरण<br>• अनुसूची १, २, ३, ४, ५, ६ अनुसार अभिलेखीकरण र प्रतिवेदन। | • स्थानीय तहमा पत्राचार गरी भ्याक्सिनेटरहरूको सूची तयार गर्ने,<br>• कम्तीमा ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम लिएको/आवश्यक परेमा सरकारी सेवामा रहेका प्राविधिक कर्मचारीलाई समेत भेक्सिनेटरको रुपमा परिचालन गर्न सकिने,<br>• भुक्तानीका लागि भ्याक्सिनेटरले सम्बन्धित वडा कार्यालयबाट खोप लगाएको संख्या प्रमाणित | • भ्याक्सिनेटरलाई पशुमा खोप लगाएको सेवा शुल्क बापत;<br>• पहाडमा ठूलो पशु (गाई, भैंसी, घोडा जाति) का लागि रु. २० र सानो पशु (भेंडा, बाख्रा, बंगुर) का लागि प्रति गोटा रु. १०,<br>• तराईमा ठूलो पशु (गाई, भैंसी, घोडा जाति) का लागि रु. १५ र |



कृषि अर्थ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | गराई पशु सेवा शाखाको सिफारिस सहित कार्यालयमा निवेदन पेश गर्नुपर्ने। | सानो पशु (भेँडा, बाख्रा, बंगुर) का लागि प्रति गोटा रु. १०,<br>• खोपको विवरण सफ्टवेयर मार्फत अद्यावधिक गरे बापत सेवा शुल्क ठूला पशुका लागि रु. १० र साना पशुका लागि रु. ५ प्रति गोटा उपलब्ध गराउन सकिनेछ। |
| ८२. | खोपका लागि लजिष्टिक खरिद | • अनुसूची-७ बमोजिमका आवश्यक सामग्रीहरु खरिद गर्ने | • कार्यालयले नेपाल सरकार तथा अन्य कार्यालयबाट प्राप्त हुने वा खरिद गरेका पशुपन्छीका विभिन्न भ्याक्सिनहरुको डोजसँग सामञ्जस्यता हुने गरी आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ८३. | खोप तथा उपचार सेवामा परिचालन हुने प्राविधिकहरुको जोखिम दुर्घटना बिमा | • बिमा कम्पनीको प्रचलित नियमानुसार दुर्घटना बिमा गर्नुपर्ने। | • विनियोजित बजेटको परिधिभित्र रही प्रचलित नियमानुसार खर्च गर्ने। | |
| ८४. | थुनेलो रोग नियन्त्रण कार्यक्रम | • क्षमता अभिवृद्धि तालिम,<br>• उपचार, जनचेतनाका क्रियाकलापहरू, ग्त्तरू किट तथा Teat dipping किट सामग्री खरिद तथा वितरण,<br>• व्यवस्थापन खर्च,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | • कार्यालयबाट दुग्ध सहकारी/समूह/फर्म/सञ्जाल/कृषकहरूसँग समन्वय गरी स्थान र समय निर्धारण गरी सञ्चालन गर्नुपर्ने,<br>• गाई/भैंसीको व्यावसायिक पालन भएको क्षेत्रमा प्राथमिकता दिई अभियान सञ्चालन गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ८५. | Spaying/neutering (सामुदायिक कुकुरहरूमा बन्ध्याकरण) कार्यक्रम | • कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च, इन्धन, औषधी तथा लोजिष्टिक, | • सम्बन्धित स्थानीय तह/पशु कल्याणमा संलग्न संस्था, सरोकारवालाहरूसँग समन्वय/सहकार्य | • कार्यालयले लागत अनुमान स्वीकृत गरी आन्तरिक/बाह्य विज्ञ/विज्ञ |

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | बाह्य विज्ञ आदीको लागत अनुमान स्वीकृत गरी गर्ने।<br>• व्यवस्थापन खर्च,<br>• अभिलेखीकरण र प्रतिवेदन। | गरी सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• पशु चिकित्सक (बाह्य) सेवा वा परामर्श सेवा प्रदायक लिन सकिने। | परामर्श सेवा प्रदायक मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कार्यरत विज्ञको हकमा कार्यरत पद/तह अनुसारको दैनिक भ्रमण भत्ता र सेवा निवृत्त व्यक्ति भए जुन पदबाट निवृत्त भएको सोही पद अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता दिन सकिने,<br>• सेवा निवृत्त वा कार्यरत बाहेकका विज्ञको हकमा एघारौं तह सरहको दैनिक भ्रमण भत्ता दिन सकिने। |
| ८६. | ईपिडेमियोलोजिकल अवस्थाको पहिचान र रिपोर्टिङ | • फोटोकपि पेपर, टोनर, इन्धन, अन्य स्टेशनरी सामग्रीहरू र आवश्यक सामग्रीहरू।<br>• अभिलेखीकरण र प्रतिवेदन। | • मासिक रूपमा सम्बन्धित पशुरोग अन्वेषण प्रयोगशाला, निर्देशनालय वा केन्द्रीय निकायमा ईपिडेमियोलोजिकल रिपोर्टिङ गर्नुपर्ने। | • प्रचलित नियमानुसार खर्च गरिने। |
| ८७. | सेवा निवृत्त जनशक्ति परिचालन | • सेवानिवृत विज्ञहरूको सूची (रोष्टर) तयार गर्ने (सूची वर्षभरि नै अद्यावधिक गर्न सकिने र यस अघि सूचीकृत भैसकेको हकमा सूचीकृत हुनु नपर्ने),<br>• अन्तरकृया र अभिमुखीकरण गर्ने,<br>• कार्य क्षेत्रगत शर्त (ToR) निर्माण गर्ने,<br>• परिचालन। | • निजामती कृषि सेवा/नेपाल कृषि अनुसन्धान परिषद/ सरकारी कृषि/पशुपन्छी अध्यापन गर्ने संस्था, कृषि/पशुपन्छी बोर्ड/कम्पनी/कृषि बैंकबाट कम्तीमा अधिकृतस्तरको सेवानिवृत प्राविधिक कर्मचारीहरूको सूची )रोष्टर(मा सूचीकृत व्यक्ति परिचालन गर्नुपर्ने,<br>• आवश्यकताको आधारमा दिनुपर्ने विज्ञ सेवा र अवधि सहित तोकी परिचालन गर्नुपर्ने,<br>• सम्बन्धित निर्देशनालय र कार्यालयको समन्वयमा कृषि प्रसार र प्राविधिक सेवा सञ्चालन गर्नुपर्ने । | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• परिचालन गरिने सेवा निवृत्त व्यक्ति जुन पदबाट निवृत्त भएको सोही पद अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता उपलब्ध गराइने। |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ८८. | पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम | • दैनिक भ्रमण भत्ता, यातयात, संचार, इन्धन लगायतको आवश्यक पर्ने मसलन्द खर्च। | • पशु औषधी पसल अनुगमन निरीक्षण अनुसूची ८, ९ अनुसार,<br>• पशुपन्छी फार्म अनुगमन निरीक्षण अनुसूची, १०, ११, १२, १३, १४, १५, १६, १७ अनुसार,<br>• मासु/डेरी पसल अनुगमन निरीक्षण अनुसूची १८, १९, २०, २१ अनुसार,<br>• कार्यालयले विवरणको अभिलेख राखी सोको प्रतिवेदन माथिल्लो निकायमा रिपोटिङ गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ८९. | मुख्यमन्त्री उत्कृष्ट कृषक/उद्यमी/सहकारी पुरस्कार कार्यक्रम | • छनोटको मापदण्ड तयारी,<br>• सूचना प्रकाशन,<br>• मूल्याङ्कन,<br>• पुरस्कार तथा प्रमाण-पत्र वितरण,<br>• कार्यक्रम व्यवस्थापन। | • कम्तीमा एक महिनाको म्याद दिई सूचना प्रकाशन गर्नुपर्ने,<br>• मापदण्ड र छनोट विधि मन्त्रालयले तय गरे बमोजिम हुने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• प्रदेश उत्कृष्ट पुरस्कार प्रति विधा रु. पच्चीस हजारका दरले दिन सकिने। |
| ९०. | कृषक सम्मान कार्यक्रम | • पुरस्कार, प्रमाण पत्र लगायतका सामग्री,<br>• समारोह व्यवस्थापन। | • कृषक छनोट गर्ने मापदण्ड र विधि सम्बन्धित निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ,<br>• जिल्लामा एकजना कृषकलाई सर्वोत्कृष्ट कृषक पुरस्कार दिनुपर्ने र प्राथमिकतानुसार अन्य तीन विधाहरूमा एक-एकजना उत्कृष्ट कृषक पुरस्कार दिन सकिनेछ। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने,<br>• जिल्ला सर्वोत्कृष्ट कृषक पुरस्कार रु. १००००/-, उत्कृष्ट कृषक पुरस्कार रु. ५०००/- प्रदान गर्ने। |
| ९१. | उत्कृष्ट कार्यालय र कर्मचारी मूल्याङ्कन तथा पुरस्कार | • पुरस्कार, प्रमाण पत्र लगायतका सामग्री | • मापदण्ड र विधि सम्बन्धित निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ | |
| ९२. | विश्वविद्यालयको समन्वयमा अनुसन्धानमूलक कार्यक्रम | • असल पशुपालन अभ्यास, उत्पादन प्रवर्द्धन, जैविक विविधता संरक्षण, पशुपन्छी तथा मत्स्य स्वास्थ्य | • स्नातक वा स्नातकोत्तर शोधकर्ता वा विश्वविद्यालयको शोधकार्यलाई सहयोग गर्न सकिने, | • प्रति शोधकार्य अधिकतम रु. पचास हजार सहयोग गर्न सकिने। |

कृषि अर्थविज्ञ
महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | लगायतका विषयमा शोध तथा अनुसन्धानमूलक कार्य | • सूचनामार्फत प्रस्ताव माग गरी कार्यक्रम संचालन गर्नुपर्ने,<br>• शोधसार तथा विस्तृत प्रतिवेदन उपलब्ध गराउनुपर्ने। | |
| ९३. | अत्यावश्यक खोप खरिद | • रेविज, खोरेत, पि.पि. आर., लम्पिस्किन, भ्यागुते, चरचरे, स्वाइन फिवर, डिस्टेम्पर आदि पशुपन्छीजन्य रोगहरुको रोकथामका लागि आवश्यक पर्ने खोपहरु खरिद गर्न सकिने। | • कार्यालयले आवश्यकताका आधारमा प्रचलित कानुन बमोजिम खरिद कार्य गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ९४. | खोरेत रोग विरुद्धको खोप खरिद | • पशुपन्छीजन्य खोरेत रोग विरुद्धको खोप खरिद गर्न सकिने। | • कार्यालयले आवश्यकताका आधारमा प्रचलित कानुन बमोजिम खरिद कार्य गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| ९५. | खोरेत रोग मुक्त जिल्ला अभियान | • जोनिङ्ग, कम्पार्टमेन्टलाइजेसन, पशु पहिचान, रोग सर्वेक्षण तथा सर्भिलेन्स, आवश्यक खोप भण्डारण तथा खोप अभियान संचालन, सामुदायिक पशु नियन्त्रण समन्वय, FMD सेरोसर्भिलेंस (खोप नलगाएकोमा), प्रतिरक्षा सेरोसर्भिलेन्स (खोप लगाइएको २१ दिनमा), पशु/पशुजन्य उत्पादनको आन्तरिक ओसारपसार, आयात नियन्त्रण तथा रेकर्डिङ, आन्तरिक क्वारेन्टिन चेक पोष्ट स्थापना/संचालन, आयात सिमा नाका हरुमा खोप तथा पशु पहिचान, | • कार्यक्रम संचालन हुने क्षेत्रको चार किल्ला पहिचान तथा घोषणा गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• पशु रोग अन्वेषण प्रयोगशालासँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निर्देशनालयको सहमति पश्चात कार्यक्रम सञ्चालन गर्ने। |

कृषि अर्थविज्ञ — शाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | सिमा नाकाहरुमा ढुवानी साधनको निर्मलीकरण, लजिष्टिक्स, छपाई, उपकरण खरिद, रिपोर्टिङ, प्रतिवेदन तथा खोरेत मुक्त घोषणा (भेडा/बाख्रा/बंगुर, गाई/भैंसीमा खोप)<br>• कार्यालयले तथ्याङ्ग अभिलेखीकरण गरी सोको प्रतिलिपि निर्देशनालयमा पठाउने।<br>• अनुसूची १, २ र ३ बमोजिम गर्ने। | | |
| ९६. | ILRI सँगको सहकार्यमा पशुको उत्पादकत्व सुधार कार्यक्रम | • पोषण सुधार (खनिजतत्व सहितको पोषण सुधारिएको घाँसेवाली, साईलेज, घाँस/पराल/भुसाको उपचार, संतुलित आहारा आदी)<br>• Herd Health Management, प्रजनन सुधार शिविर<br>• गाई, भैंसी अनुवंशिकीय सुधार<br>• तालिम (कृषक, प्राविधिक, विज्ञ र मूल्य श्रृंखला सरोकारवालाहरु)<br>• ग्रामिण प्रवर्द्धक परिचालन<br>• मुल्य श्रृखला बिकास<br>• अनुवंशिकीय तथ्यांक व्यवस्थापन<br>• अनुगमन, मुल्यांकन र प्रतिवेदन | • दुग्ध सहकारी तथा दूधको कारोवार गर्ने कृषि सहकारी/कृषक समूह हुनुपर्ने,<br>• गाई, भैंसीपालन कृषक सदस्यहरु छनोट गरी कार्यक्रम कार्यान्वयन गर्ने<br>• प्रदेश सरकार र सहकारी/समूहको समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने।<br>• ILRI ले प्रतिपादन गरेको प्रविधि स्थानीय आवश्यक्ताअनुसार अवलम्बन गर्नुपर्ने<br>• कार्यालयले ग्रामिण पशु प्रवर्द्धक (Village Livestock Promoter ) को रुपमा कार्य गर्ने गरि प्राविधिक कर्मचारी समेत खटाउन सक्नेछ | • कार्यालयले प्राविधिक सम्भाव्यताको आधारमा सहकारी/समुह छनोट गर्ने<br>• कार्यालयले स्वीकृत बजेटको परिधिमा रही कार्ययोजना स्वीकृत गरी वस्तुगत सेवा र प्रविधिमुलक कार्यक्रम संचालन गर्ने। |
| ९७. | भेडा प्रवर्द्धन कार्यक्रम | • टहरा/खोर निर्माण, छ्यमसत्रथज रुकथण खरिद/निर्माण तथा जडान | • फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन हुने, | • फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. एक लाखमा नबढ्ने गरी र |

कृषि अर्थविज्ञ शाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • प्रजननका लागी थुमा र पाठी खरिद तथा ढुवानी<br>• आहारा तथा खानेपानी व्यवस्थापन, चरनखर्क विस्तार तथा सुधार, मिनिरल ब्लक, घाँसको बीउ बिरुवा खरिद<br>• औषधि उपचार तथा खोप सेवा संचालन, जैविक सुरक्षा व्यवस्थापन<br>• मेशिनेरी औजार तथा अन्य उपकरण खरिद तथा संचालन<br>• अभिलेख व्यवस्थापन, प्रतिवेदन तयारी तथा रिपोर्टिङ्ग | • निजि फर्मको हकमा कम्तिमा १५ वटा माउँ, समुहमा १०० माउँ, र सहकारीको हकमा २५० माउँ भेडापालन गरिरहेको हुनुपर्ने<br>• टहरा/खोर निर्माण हुने जग्गाको हकमा फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाको आफ्नै नाममा जग्गा भएको वा भाडामा लिने भए सम्बन्धित निकायको सिफारिस भई १० वर्षको करारनामा भएको हुनुपर्ने। | कृषक समूह/सहकारीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. पाँच लाखमा नबढ्ने गरी पूर्वाधार, नश्लसुधार, अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १८. | बाख्रा प्रवर्द्धन कार्यक्रम | • खोर निर्माण/सुधार, Dipping Tank खरिद/निर्माण तथा जडान<br>• मेसिनरी औजार,<br>• उन्नत घास खेती,<br>• नश्लसुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने<br>• पहाडमा र तराईमा प्रति फर्म कम्तीमा ५ माउ बाख्रा कम्तीमा पालन गरेको हुनुपर्ने,<br>• समूह/सहकारीको हकमा कम्तीमा ५० माउ बाख्रा पालन गरेको हुनु पर्ने,<br>• महिला समूह/सहकारी मार्फत बाख्रा प्रवर्द्धन कार्यक्रमको हकमा कम्तिमा ३० माउ बाख्रापालन गरेको हुनुपर्ने,<br>• पशुहरूको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने,<br>• टहरा/खोर निर्माण हुने जग्गाको हकमा फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाको | • फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. एक लाखमा नबढ्ने गरी र कृषक समूह/सहकारीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. पाँच लाखमा नबढ्ने गरी पूर्वाधार, नश्लसुधार, अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | आफ्नै नाम जग्गा भएको वा भाडामा लिने भए सम्बन्धित निकायको सिफारिस भई १० वर्षको करारनामा भएको हुनुपर्ने। | |
| ९९. | बंगुर प्रबर्धन कार्यक्रम | • खोर निर्माण /सुधार,<br>• मेसिनरी औजार,<br>• पोषणयुक्त घाँस सहित आहारा,<br>• नश्लसुधार,<br>• औषधी / उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • फर्म / कम्पनी / कृषक समूह / कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने<br>• प्रति फर्म कम्तीमा २ बटा माउ सहित ५ बटा बंगुर पालन गरेको हुनुपर्ने,<br>• समूह / सहकारीको हकमा कम्तीमा २० माउ बंगुरपालन गरेको हुनु पर्ने,<br>• पशुहरूको बीमा गर्ने अभ्यास भएका फर्म / कम्पनी / कृषक समूह / सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने। | • फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. एक लाखमा नबढ्ने गरी र कृषक समूह/सहकारीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. पाँच लाखमा नबढ्ने गरी पूर्वाधार, नश्लसुधार, अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १००. | भैंसी प्रवर्द्धन कार्यक्रम | • गोठ निर्माण/सुधार<br>• मेसिनरी औजार,<br>• उन्नत घाँस खेती,<br>• नश्लसुधार,<br>• औषधी / उपचार तथा खोप,<br>• जैविक सुरक्षा,<br>• मलमुत्र तथा मलखातो व्यवस्थापन। | • फर्म/कम्पनीले ३ बटा माउ भैंसी सहित ५ बटा पालन गरेको हुनुपर्ने ।<br>• कृषक समूह / कृषि सहकारीको हकमा कम्तीमा २५ माउ भैंसी पालन गरेको हुनुपर्ने।<br>• महिला लक्षित भैंसी प्रवर्द्धनको हकमा महिला समूह / सहकारीले कम्तिमा १५ बटा माउ भैंसी पालेको हुनुपर्ने।<br>• वादी समुदायका लागि भैंसी प्रवर्द्धनको हकमा समुदायले कम्तिमा ५ वटैं माउ भैंसी पालेको हुनुपर्ने | • फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. दुई लाखमा नबढ्ने गरी र कृषक समूह/सहकारीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. पाँच लाखमा नबढ्ने गरी पूर्वाधार, नश्लसुधार, अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग।<br>• वादी समुदायको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र.सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • पशुहरूको बीमा गर्ने अभ्यास भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने।<br>• बादी समुदायको हकमा कार्यालयले आफै लक्षित लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• टहरा/खोर निर्माण हुने जग्गाको हकमा फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाको आफ्नै नाम जग्गा भएको वा भाडामा लिने भए सम्बन्धित निकायको सिफारिस भई १० वर्षको करारनामा भएको हुनुपर्ने। | रु. दुई लाखमा नबढ्ने गरी ८० प्रतिशत अनुदान सहयोग।<br>• उन्नत घाँस खेती प्रवर्द्धनका लागि अनुदान रकमको कम्तिमा १० प्रतिशत रकम खर्च गर्नुपर्ने। |
| १०१. | बादी समुदायका लागि कुखुरा/बाख्रा/बंगुर प्रवर्द्धन कार्यक्रम | • खोर निर्माण/सुधार<br>• मेसिनरी औजार,<br>• उन्नत घाँस खेती,<br>• नश्लसुधार,<br>• चल्ला तथा पाठापाठी वितरण<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • कार्यालयले लक्षित समुदाय आफै छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कुखुरा/बाख्रा/बंगुर पालन गरेको वा पाल्ने कार्ययोजना पेश गरेको बादी समुदाय हुनुपर्ने। | • प्रति आयोजना/अनुदानग्राही रु. दुई लाखमा नबढ्ने गरी ८० प्रतिशत अनुदान सहयोग। |
| १०२. | बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (पशुपन्छी तर्फ)<br><br>बाली वस्तु विशेष प्रवर्द्धन कार्यक्रम/सघन | • कार्यालयले अनुसूची-३२ बमोजिमको क्रियाकलापहरू सञ्चालन गर्ने। | • कार्यालयले अनुसूची-३२ बमोजिमको मापदण्ड अनुसार लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• यस प्रकृतिका कार्यक्रमको क्षेत्र छनोटका लागि सूचना आहान गर्नुपर्ने छैन। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• बीउ/बेर्ना, नश्ल खरिद, भौतिक पूर्वाधार निर्माण, मेसिनरी औजारमा ५० प्रतिशत अनुदान, |

कृषि अर्थविज्ञ



महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (पशुपन्छी तर्फ) | | | • उन्नत घाँस खेती प्रवर्द्धनका लागि अनुदान रकमको कम्तिमा १० प्रतिशत रकम खर्च गर्नुपर्ने,<br>• कार्यालयले सञ्चालन गर्ने क्षमता अभिवृद्धि तथा पशु स्वास्थ्य उपचार कार्यका लागि बिनियोजित बजेटको अधिकतम ५ प्रतिशत रकम खर्च गर्न सकिने। |
| १०३. | कृत्रिम गर्भाधानको लागि तरल नाईट्रोजन र सिमेन खरिद, भण्डारण तथा ढुवानी | • तरल नाईट्रोजन र सिमेन खरिद, भण्डारण, ढुवानी र वितरण, अभिलेखीकरण तथा रिपोटिङ्ग। | • कार्यालयले सम्बन्धित सरकारी निकायबाट सिमेन खरिद तथा ढुवानी गरी भण्डारण र वितरणको व्यवस्था गर्नु पर्ने,<br>• तरल नाईट्रोजन सम्बन्धित सरकारी निकाय वा मान्यता प्राप्त निजी सप्लायर्सबाट खरिद तथा ढुवानी गरी भण्डारण र वितरण गर्नुपर्ने। | • कार्यालयले प्रचलित नियमानुसार खरिद गरी कार्यक्रम सञ्चालन गर्ने। |
| १०४. | नयाँ पोखरी निर्माण कार्यक्रम | • नयाँ पोखरी निर्माण। | • कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार पोखरी निर्माण हुनुपर्ने,<br>• पानीको स्थायी श्रोतको व्यवस्था भएको हुनुपर्ने,<br>• तराईको हकमा कम्तीमा ३ कट्ठा र पहाडी क्षेत्रमा कम्तिमा १ रोपनी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नुपर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौता हुनुपर्ने, | • प्रति हेक्टर जलाशयमा तराईका जिल्लाहरुमा रु. पाँच लाख र पहाडी जिल्लाहरुमा रु. सात लाख पचास हजारमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १०५. | पुरानो पोखरी मर्मत संभार | • कृत्रिम पोखरी मर्मत संभार,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ खरिद तथा व्यवस्थापन। | • कम्तीमा ५ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरुको मर्मत सम्भार गर्न सकिने, | • प्रति हेक्टर जलाशयमा रु. दुई लाखमा नबढ्ने गरी पोखरी मर्मत |

कृषि अर्थविज्ञ



महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • नापजाँच अनुगमन र प्रतिवेदन। | • पानीको आपूर्ति सहज भएको र माछा पालन गरिरहेको उपयुक्त पोखरी हुनु पर्ने,<br>• मर्मत संभार गरिएको पोखरीको गहिराइ कम्तीमा १.५ मिटर हुनुपर्ने,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहितको पोखरी मर्मत सम्भार गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराइ प्राविधिक रूपमा उचित कायम गर्नु पर्ने। | सम्भारमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग।<br>• डिलमा कम्तिमा २०० Gram per Square Meter (GSM) को बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहित पोखरी मर्मत सम्भारको लागि कुल लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. ५ लाख अनुदान। |
| १०६. | प्लास्टिक पोखरी निर्माण | • प्लाष्टिक पोखरीमा पानीको व्यवस्थापन तथा सिँचाईको लागि मोटर खरिद तथा जडान,<br>• पोखरीमा प्रयोग गरिने प्लाष्टिक खरिद। | • पानीको स्रोतको रुपमा मूल खोला, कुलो वा नहरको व्यवस्था हुनु पर्ने,<br>• निर्माण गरिने प्लास्टिक पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा ५ वर्षको हुनु पर्ने,<br>• कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम २०० देखी ५०० वर्ग मिटरको पोखरी निर्माण गरी पिधमा न्युनतम १२० र डिलमा २०० Gram per square Meter को बहुपत्रीय प्लाष्टिक प्रयोग गर्नु पर्ने।<br>• पिधको भागमा बहुपत्रीय प्लाष्टिक माथि कम्तीमा ०.३ मिटर माटो हाल्नु पर्ने।<br>• पोखरीको गहिराई कम्तीमा १.५ मिटर हुनु पर्ने।<br>• बहुजातीय कार्प पालन पद्धती अपनाउनु पर्ने।<br>• २ देखी ३ प्रती वर्ग मिटरका दरले एडभान्स फिङ्गरलिङ्ग स्टकिङ्ग गर्नु पर्नेछ। | • प्रति आयोजना/अनुदानग्राही रु. एक लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग।<br>• पोखरी तथा डिल निर्माणको लागत कृषक स्वयमले बेहोर्नु पर्नेछ। |

कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १०७. | प्राकृतिक जलाशयमा मत्स्य प्रवर्द्धन (भुरा वितरण) | • मत्स्य भुरा खरिद तथा वितरण | • प्रति हेक्टर ७००० गोटाका दरले फिङ्गरलिङ्ग उपलब्ध गराईने।<br>• प्राकृतिक जलाशयमा आफैले वा करारमा लिई माछा पालन गरेको ईच्छुक कृषक समूह/कृषि सहकारी/उपभोक्ता समिति/निजी व्यवसायीले आवेदन दिनुपर्ने,<br>• स्थानीय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलाशयहरू (घोल/ताल, सिमसार)। | • कार्यालयले खरिद गरी वितरण गरिने |
| १०८. | मत्स्य व्यवसायका लागि यान्त्रिकरणमा सहयोग | • एरिएटर, सम्मरसिबल पम्प, सोलार पम्प, इलेक्ट्रिक मोटर, पम्प सेट, पेलेट मेसिन, फिडर मेसिन, महाजाल तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान। | • कम्तीमा ०.३ हे. जलाशय भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/समिति/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने। | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान। |
| १०९. | उद्योग लक्षित मकै, भट्टमास, जौं उत्पादन सहयोग | • जमिनको तयारी,<br>• कम्पोष्ट/रसायनिक मल/औषधी खरिद,<br>• सिंचाई तथा गोडमेल,<br>• बीउ खरिद,<br>• मेसिनरी/कृषि औजार खरिद,<br>• अन्य व्यवस्थापकीय खर्च। | • साईलेज/दाना उत्पादनका लागि खेती गर्न इच्छुक कृषक/फर्म/कम्पनी/समूह/कृषि सहकारी हुनुपर्ने,<br>• साईलेज/दाना उद्योगसँग उत्पादन खरिद गर्ने करार सम्झौता भएको प्रस्तावकालाई प्राथमिकता दिनुपर्ने,<br>• यस कार्यक्रममा सहभागी हुन कम्तीमा २० कट्ठा खेती गर्नुपर्ने<br>• करार खेतीको हकमा कम्तीमा २ बर्षको करारनामा हुनुपर्ने। | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर बढीमा रु. २५ हजार अनुदान।<br>• प्रति अनुदानग्राही अधिकतम २० हे. क्षेत्रफलसम्म सहयोग गर्न सकिने। |

कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| ११०. | साइलेज उत्पादन सहयोग | • जमिनको तयारी,<br>• कम्पोष्ट/रासायनक मल/औषधी खरिद,<br>• सिँचाई तथा गोडमेल,<br>• मकै/घाँसको बीउ/सेट्स खरिद,<br>• घाँस कटान सङ्कलन तथा ढुवानी,<br>• मेसिनरी औजार उत्पादन सामाग्री खरिद (प्लास्टिक ड्रम, प्लास्टिक प्याकेजिङ्ग सामाग्री आदि)<br>• घाँस विकास तथा संरक्षण सम्बन्धी क्षमता अभिवृद्धि,<br>• अन्य व्यवस्थापकीय खर्च। | • व्यवसायिक पशुपालन गरेको कृषक/फर्म छनौट गरी कार्यक्रम संचालन गर्नुपर्ने | • कार्यालयले लागत अनुमान तयार गरी अधिकतम ५० प्रतिशत अनुदानमा दिने। |
| १११. | दुग्ध चिस्यान/संकलन केन्द्र स्थापना/सुदृढीकरण | • दुग्ध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण,<br>• चिलिङ भ्याट, Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, प्रशोधन उपकरण, जेनेरेटर आदि खरिद। | • साझेदारीमा दुग्ध सहकारी/समूह/समिति/ फर्म सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा ५०० लिटर र तराईमा कम्तीमा १००० लिटर दुधको कारोबार गरिरहेको हुनुपर्ने,<br>• यसभन्दा अघि यस्ता दुग्ध संकलन केन्द्रसँग सम्बन्धित क्रियाकलापमा अनुदान नपाएकालाई कार्यक्रममा प्राथमिकता दिइने। | • प्रति आयोजना/अनुदानग्राही रु. पाँच लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ११२. | लक्षित वर्ग विशेष आय आर्जन कार्यक्रम (पशुपन्छी तर्फ) | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• आवश्यक पूर्वाधार निर्माण, मर्मत सुधार<br>• उत्पादन सामग्री/औषधी, | • कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा बाली/वस्तु पहिचान गर्नुपर्ने,<br>• यस कार्यक्रममा आदिबासी जनजाती, मुक्त कमैया/ कम्लहरी, भूमिहीन, मुसहर, चिडीमार, पासी, मंगता, नटुवा, गडरिया, बादी, बोटे, माझी, | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• प्रति परिवार अधिकतम रु. ५० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ। |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख    सचिव

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • तालिम तथा सचेतना। | किङ्करिया, कुचबन्धिया, खुना, कुमाल, सोनहा, दलित, राजी, चमार, डोम आदि सिमान्तकृत वर्ग र आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा प्रति घरधुरी ५० वटा कुखुरा, बाख्रा/बंगुरको हकमा ३ वटा पाठापाठीका दरले र भैंसीको हकमा पाडा/पाडी २ वटाका दरले वितरण गरी आवश्यकता अनुसार खोर/गोठ लगायतका पूर्वाधार निर्माण/मर्मत सम्भार गरी कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्न | |
| ११३. | महिला, बालबालिका लक्षित पोषण सुधार कार्यक्रम (पशुपन्छी तर्फ) | • पोषण आहारा व्यवस्थापन,<br>• खोप र उपचार,<br>• ६ हप्ते स्थानीय तथा ग्रामीण कुखुराका चल्ला वितरण(ढुवानीसहित),<br>• तालिम,<br>• दाना पानीका भाँडा,<br>• परजीवि नियन्त्रण, | • जनस्वास्थ्य कार्यालयद्वारा पहिचान भएको कुपोषणग्रस्त क्षेत्रमा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा २० घरधुरी समेटी समूह गठन गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• प्रति समूह ६ हप्ता हुर्किएको ६०० वटा कुखुराको चल्ला वितरण गर्नुपर्ने,<br>• चल्ला खरिद गर्दा अनिवार्य रुपमा सरकारी स्रोत केन्द्र (कुखुरा विकास फार्म खजुरा) मार्फत खरिद गर्नुपर्ने,<br>• कार्यालयले सम्भाव्यताका आधारमा उपयुक्त स्थान तथा सहभागी छनौट गर्न सक्नेछ। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने। |
| ११४. | विद्युत महशुलमा सहुलियत (मत्स्य पोखरीको हकमा) | • मत्स्यपालन गरिरहेका कृषक/व्यावसायीले सम्बन्धित कार्यालयमा विद्युत महशुलमा | • कम्तिमा १० कठ्ठा जलाशयमा मत्स्य पालन गरेको हुनुपर्ने, | • मत्स्य व्यवसायका लागि जडान गरिएको विद्युत मिटरमा वार्षिक रुपमा उठेको कूल विद्युत |

कृषि अर्थविज्ञ



महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | सहुलियतका लागि १५ दिने सूचना आह्वान गर्ने ।<br>• अनुसूची ३३ बमोजिमको निवेदन पेश गर्ने,<br>• कार्यालयले विद्युत महसुल तिरेको बील सहित निवेदन संकलन गरी सम्बन्धित कृषक/व्यावसायीको खातामा प्राविधिक प्रतिवेदन बमोजिम सहुलियत रकम जम्मा गर्ने। | • फर्मको नाममा मात्र दर्ता भएको वा व्यवसायीको नाममा दर्ता भई मत्स्य व्यवसायमा मात्र प्रयोग भएको विद्युतीय मिटरमा अनुदान प्रवाह गरिनेछ,<br>• विद्युत महशुल तिरेको बिल पेश गर्नुपर्ने,<br>• कार्यालयले अनुगमन गरी स्विकृती प्रदान गरे पश्चातको महशुलमा मात्र सहुलियत प्रदान गर्नुपर्ने।<br>• कार्यालयले अनुगमन गरी स्विकृती प्रदान गरी महशुलमा सहुलियत उपलब्ध गराउनुपर्ने।<br>• यो कार्यक्रम आर्थिक वर्षको शुरुवात देखी नै लागु हुनेछ। | महशुलको ५०% वा प्रति अनुदानग्राही अधिकतम रु. पचास हजारसम्म सहुलियत प्रदान गर्न सकिने। |
| ११५. | हुलाकीमार्ग लक्षित भैंसीको वंश सुधार क्षमता विकास तथा सचेतना | • सचेतना मूलक होर्डिङ बोर्ड,प्रकाशन,प्रसारण,<br>• तालिम तथा क्षमता विकास,<br>• कृत्रिम गर्भाधान सेवा सञ्चालनमा सहयोग। | • तराईको ६ जिल्लामा कार्यक्रम सञ्चालन गरिने,<br>• प्राविधिक सम्भाव्यताको आधारमा भैंसी पालनको पकेट क्षेत्र पहिचान तथा छनौट गर्ने,<br>• कृषक समूह/कृषि सहकारीसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सोही बमोजिम खर्च गर्न सक्ने। |
| ११६. | हुलाकीमार्ग लक्षित भैंसीको वंश सुधार तथा प्रवर्द्धन कार्यक्रम | • समूह परिचालन,<br>• उन्नत राँगो वितरण (ढुवानी सहित), कृत्रिम गर्भाधान, स्थलगत पशुपालन तालिम, पशु स्वास्थ्य घुम्ती शिविर, बाह्य तथा आन्तरिक परजिवी नियन्त्रण, घाँसको बीउ/बेर्ना वितरण, आहारा व्यवस्थापन, मलखाद व्यवस्थापन, बाँझोपन | • हुलाकी मार्गको दायाँ बायाँ ७.५ कि.मि भित्र पर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• प्रति कृषक समूह कम्तीमा २० घरधुरी समावेश गरी ३ वटा समूहमा कार्यक्रम सञ्चालन गर्नुपर्ने र उक्त समूह स्थानीय तहमा दर्ता भएको हुनुपर्ने,<br>• कार्यालयले फोकल पर्सन तोकी कार्यक्रम सञ्चालन गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• आहारा व्यवस्थापनका लागि विनियोजित रकमको कम्तिमा १० प्रतिशत रकम खर्च गर्नुपर्ने। |



कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

| क सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | निवारण शिविर, अनुगमन, सार्वजिक सुनुवाई तथा प्रतिवेदन। | | |
| ११७. | डेरी तथा मासु पसल सुधार/निर्माण (जिउदो माछा बिकि बितरण स्टल/पसल समेत) | • आवश्यक भौतिक पूर्वाधार निर्माण/सुधार, मेसिनरी/औजार/उपकरण, सामाग्री खरिद तथा अन्य व्यवस्थापन।<br>• जिउँदो माछा पसलको हकमा कम्तीमा १०० के.जी क्षमता भएको ट्याङ्क निर्माण सहित आवश्यक अन्य व्यावस्थापन | • फर्म/ कम्पनी/ समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• डेरी पसल, मासु पसल र जिउदो माछापसलको हकमा कमश १०० लिटर दुध,५० के.जी मासु र ५० के.जी माछाको कारोबार गरेको हुनुपर्ने।<br>• भाडामा लिई व्यवसाय सञ्चालन गरेको हकमा कम्तीमा ५ बर्षको करारनामा पेश गर्नुपर्ने।<br>• अनुसूची १८, १९, २०, २१ अनुसार मापदण्ड पूरा गर्नुपर्ने। | प्रति आयोजना अधिकतम ५० प्रतिशत वा अधिकतम एक लाख अनुदान दिन सकिने। |
| ११८. | व्यावसायिक कुखुरा तथा बङ्गुर फर्म सुदृढिकरण कार्यक्रम | • फर्मको स्तरोन्नती, क्षमता अभिवृद्धी, भौतिक पूर्वाधार निर्माण/सुधार, जैविक सुरक्षाका तथा आहारा व्यवस्थापनका लागि आवश्यक औजार/उपकरणहरु, बजारीकरणका लागि आवश्यक पर्ने सामाग्री खरिद तथा व्यवस्थापन। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• कम्तीमा २००० कुखुरा, १० माउ बङ्गुर पालन गरेको फर्म हुनुपर्ने<br>• जैविक सुरक्षा विधि अवलम्वन तथा विमा गरेको फर्मलाई प्राथमिकता दिनुपर्ने।<br>• भाडामा लिई व्यवसाय सञ्चालन गरेको हकमा कम्तीमा १० बर्षको करारनामा पेश गर्नुपर्ने। | प्रति आयोजना/अनुदानग्राही अधिकतम ५० प्रतिशत वा अधिकतम रु २ लाख सम्म अनुदान दिन सकिने। |
| ११९. | दुग्ध डेरी उद्योग/सहकारीलाई यन्त्र उपकरणमा सहयोग/दुग्ध प्रशोधन उद्योग स्थापनामा सहयोग/ दुग्ध विविधिकरण यन्त्र उपकरणमा सहयोग/ सहकारी मार्फत दुग्ध | • विविधिकरण तथा बजारिकरणको लागि आवश्यक पर्ने यन्त्र/उपकरण/मेशिनरी सामाग्री खरिद तथा व्यवस्थापन | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• दैनिक रुपमा फर्म/कम्पनीको हकमा कम्तीमा ५०० लिटर र समुह/सहकारीको हकमा २००० लिटर दुध संकलन गरिरहेको हुनुपर्ने।<br>• बजारिकरणका लागि प्रशोधन तथा विविधिकरण कार्य गरिरहेको हुनुपर्ने। | • फर्म/कम्पनीको हकमा रु. पाँच लाख र कृषक समूह/कृषि सहकारीको हकमा रु. दश लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | प्रशोधन उद्योग स्थापनामा सहयोग | | | |
| १२०. | साइलेज/हे बनाउने उपकरण तथा मेशिनरीमा सहयोग | • साइलेज/हे उत्पादन गर्न आवश्यक पर्ने मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु खरिद तथा व्यवस्थापन। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• कम्तिमा १० हेक्टरमा मकै/घाँस खेती गरेको हुनुपर्ने,<br>• साइलेज/हे बनाउने उपकरण तथा मेशिनरीको स्पेशीफिकेशन कार्यालयले स्वीकृत गरे बमोजिम हुनुपर्ने । | मेशिन/औजार/उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १२१. | बहुरको मासु बजारीकरणको लागि कोल्डरुम स्थापना | • कम्तीमा ५ मे.ट क्षमता भएको कोल्डरुम जडान तथा व्यवस्थापन | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• बार्षिक रुपमा कम्तीमा १० मे.ट मासु बजारीकरण गरेको हुनुपर्ने<br>• पशुवधका लागि उचित व्यवस्था भएको हुनुपर्ने<br>• विद्युतको सुविधा भएको हुनुपर्ने<br>• कार्यालयले स्वीकृत गरेको स्पेशीफिकेशन बमोजिम कोल्डरुम स्थापना हुनुपर्ने । | कोल्ड रुम स्थापनामा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १२२. | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम (पशुपन्छी) | • दुग्धजन्य परिकार (खुवा, पेडा, छुर्पि, कुल्फि, आइसक्रिम, पनिर, दही, आदि) र मासुजन्य परिकारहरू (ससेज, सलामि, मिटवल, अचार आदि) उत्पादन,<br>• परिकार लेवलिङ र प्याकेजिङ गर्ने क्रियाकलापहरू,<br>• आवश्यक सामग्री, मेसिनरी, औजार, उकपरणहरू, | कार्यालयले प्राविधिक कार्यदल मार्फत दुग्ध/माछा मासुजन्य लघु उद्यम सञ्चालनको लागि तपसिलको सम्भाव्य क्षेत्रबाट लघुउद्यम सञ्चालन गर्न ईच्छुक फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी छनोट गर्नुपर्ने,<br>• व्यावसायिक रूपमा दुध वा माछामासु उत्पादन हुने क्षेत्र,<br>• बाटो, बिजुली, खानेपानीको पहुँच भएको स्थान, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | • आवश्यक प्रिजरभेटिभस्, फूड एडिटिभ्स, इडिबल रङ, शुक्ष्मजीवाणु आदि,<br>• क्षमता अभिवृद्धि तालिम,<br>• अभिलेखीकरण तथा रिपोटिङ। | • स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले स्थापना भएका लक्षित ग्रामीण साना उद्योग,<br>• लघु उद्यमबाट उत्पादन प्रशोधन तथा प्याकेजिङ गरी बजारमा उपलब्ध गराउनु पर्ने,<br>• उद्यमशिलता सम्बन्धी तालिम वा व्यावहारिक अभ्यास गरेको वा ईच्छुक भएको आवेदकलाई प्राथमिकता दिनुपर्ने,<br>• लघु उद्यम सञ्चालन गरेको उधमीलाई सो सम्बन्धी क्षमता विकास/प्रर्वद्धनमा प्राथमिकता हुने। | |
| १२३. | एक लिङ्गिय टिलापिया प्रदर्शन कार्यक्रम | • एक लिङ्गिय टिलापियाको वीज खरिद तथा व्यवस्थापन<br>• आहारा तथा औषधी उपचार व्यवस्थापन<br>• हरेक १५ दिनमा बृद्धि जाँच तथा स्वास्थ्य परिक्षण गरी रेकर्ड अद्यावधिक गर्ने<br>• होर्डङ बोर्ड<br>• अभिलेखिकरण तथा प्रतिवेदन | • प्रदर्शन गर्ने स्थलमा विद्युत, बाटोघाटो तथा पानीको स्थायी श्रोत भएको हुनुपर्ने<br>• उपयुक्त स्थानमा कम्तीमा ५ कठ्ठा जलाशय क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नुपर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १२४. | बहुवर्षिय घाँस/डाले घाँस विकास कार्यक्रम/घाँस विकास कार्यक्रम | • उपयुक्त जमिनको तयारी तथा नर्सरी व्यवस्थापन<br>• माउ बोटको व्यवस्थापन<br>• आवश्यक यन्त्र उपकरण तथा सामाग्री खरिद | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• लाभग्राहीले कम्तीमा १ कठ्ठामा नर्सरी सञ्चालन गरिरहेको हुनुपर्ने<br>• बजारीकरणको लागि उपयुक्त स्थान हुनुपर्ने | अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

कृषि अर्थविज्ञ

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १२५. | बहुवर्षीय घाँसको बीउ खरिद तथा वितरण/ जै र टिओसेन्टी/ह्वाइट क्लोबर घाँसको बीउ वितरण | • उपयुक्त जातको बहुवर्षीय घाँस/जै र टिओसेन्टी/ह्वाइट क्लोबर घाँसको बीउ खरिद तथा वितरण | • कार्यालयले उपयुक्त कृषक समूह/कृषि सहकारी/फर्म/कृषकलाई आवश्यक माग बमोजिम बीउ खरिद गरी वितरण गर्नुपर्ने | • स्वीकृत बजेटको परिधिभित्र रही कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| १२६. | बहुवर्षीय घाँसका बिरुवा ढुवानी सहयोग अनुदान | • बहुवर्षीय घाँसका बीउ/बेर्ना ढुवानी | • सरकारी तथा निजीस्तरका घाँसेवाली स्रोत केन्द्रहरुबाट घाँसका बीउ/बेर्ना खरिद गर्नुपर्ने | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। |
| १२७. | भेटेरिनरी स्नातक इन्टर्न परिचालन | • इन्टर्न परिचालन | • मन्त्रालय/निर्देशनालयले भेटेरिनरी अध्यापन गराउने विश्वविद्यालयसँग सम्झौता गरी सम्बन्धित कार्यालयमा इन्टर्न परिचालन गरिने<br>• सम्बन्धित कार्यालयले स्वीकृत ToR बमोजिम इन्टर्न परिचालन गर्नु पर्ने | • प्रति इन्टर्न परिचालन गरे बापत अधिकतम मासिक १५ हजार सम्म खर्च गर्न सकिने |
| १२८. | त्रादी समुदायका लागि भैंसी प्रवर्द्धन कार्यक्रम | • भकारो सुधार<br>• उन्नत नश्लको पाडी वतरण<br>• क्षमता विकास<br>• खोप तथा औषधी उपचार | • तोकिएको समुदायमा सम्भाव्य कम्तीमा १० लाभग्राही छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने<br>• प्रति लाभग्राही १ वटा उन्नत नश्लको पाडी उपलब्ध गराउन सकिने | कार्यालयले कार्ययोजना तयारी गरी ८० प्रतिशत बस्तुगत सहयोग प्रदान गर्ने |
| १२९. | दुध ढुवानीका लागि गाडी खरिद | • ढुवानीका लागि सवारी साधन खरिद तथा व्यवस्थापन | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• दैनिक रुपमा फर्म/कम्पनीको हकमा कम्तीमा ५०० लिटर र कृषक समूह/कृषि सहकारीको हकमा २००० लिटर दुध संकलन गरिरहेको हुनुपर्ने।<br>• बजारीकरणका लागि प्रशोधन तथा विविधिकरण कार्य गरिरहेको हुनुपर्ने।<br>• कार्यालयले दुध ढुवानी साधनको स्पेशिफीकेशन कार्यालयले स्वीकृत गरे बमोजिम हुनेछ । | अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख

मन्त्री
..., भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १३०. | उन्नत जात/नश्लको थुमा/बोका वितरण कार्यक्रम | • सरकारी वा निजी स्रोत केन्द्रबाट उन्नत नश्लको बोका/थुमा खरिद वितरण (ढुवानी सहित) | • व्यवसायिक भेडा/बाख्रा पालन गरेको स्थानमा कृषक समूह/कृषि सहकारी/फर्मलाई उपलब्ध गराउन सकिने<br>• कार्यालयले प्राविधिक सम्भाव्यताका आधारमा लाभग्राही छनौट गरी सञ्चालन गर्ने<br>• नीजि फर्मको हकमा कम्तीमा २० माउ भेडा/बाख्रा पालन गरेको हुनुपर्ने<br>• प्रति फर्म अधिकतम १ गोटा बोका/थुमा उपलब्ध गराउन सकिने<br>• निजी स्रोत केन्द्रबाट खरिद गरिने हकमा पशु चिकित्सकको सिफारिस र पुस्ता खुल्ने कागजात पेश गर्नुपर्ने। | अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १३१. | उन्नत नश्लको बहुरको पाठापाठी वितरण | • सरकारी वा स्थापित निजी श्रोत केन्द्रबाट उन्नत नश्लको पाठापाठी खरिद वितरण | • व्यवसायिक कृषक, अफ्रिकन स्वाई फिभर वा अन्य महामारीबाट प्रभावित फर्मलाई प्राथमिकता दिनुपर्ने<br>• कार्यालयले प्राविधिक सम्भाव्यताका आधारमा लाभग्राही छनौट गरी सञ्चालन गर्ने<br>• प्रति फर्म अधिकतम २ गोटा पाठापाठी उपलब्ध गराउन सकिने।<br>• निजी स्रोत केन्द्रबाट खरिद गरिने हकमा पशु चिकित्सकको सिफारिस र पुस्ता खुल्ने कागजात पेश गर्नुपर्ने। | अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १३२. | पशुपालन असल अभ्यास सहयोग कार्यक्रम | • जैविक सुरक्षा व्यवस्थापन<br>• क्षमता विकास | • व्यवसायिक पशुपालन गरेको फर्महरुमा कार्यक्रम सञ्चालन गर्नुपर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |
| १३३. | परजीवी नियन्त्रण सेवा | • आन्तरिक, बाह्य तथा रक्त परजीवी नियन्त्रण तथा उपचार. | • कार्यालयले व्यवसायिक पशुपालन भएको क्षेत्र छनौट गरी कार्यक्रम संचालन गर्नु पर्ने। | कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने |

कृषि अर्थविज्ञ



महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | | |
| १३४. | रैथाने बाली तथा स्थानीय जातका बालीबस्तु प्रबर्द्धन कार्यक्रम (पशुपन्छी तर्फ) | • उत्पादन प्रवर्द्धन, खोप तथा उपचार, पोषण सुधार, क्षमता विकास, नश्ल सुधार, पुर्वाधार निर्माण तथा मर्मत, यन्त्र उपकरण | • कार्यालयले उपयुक्त स्थान तथा लाभग्राही छनौट गरी कार्यक्रम संचालन गर्नु पर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• कार्यालयले आफै सञ्चालन गर्ने क्रियाकलाप बाहेकका सामग्री, उपकरण, पूर्वाधार निर्माण तथा मर्मतमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १३५. | गौशाला व्यवस्थापन (आहारा, औषधी) | • उन्नत घाँसको बीउ/बेर्ना वितरण,<br>• साईलेज उत्पादनका लागि यन्त्र उपकरण तथा भौतिक पूर्वाधार व्यवस्थापन,<br>• दाना बनाउने मेसिन उपकरण वितरण,<br>• साईलेज, दाना खरिद तथा वितरण,<br>• औषधी वितरण (बाह्य तथा आन्तरिक परजीवी)। | • गोशालाहरुलाई लक्षित गरी कार्ययोजना सहितको प्रस्ताव माग गर्ने,<br>• गौशालाको माग बमोजिम सामाग्रीहरुको कार्ययोजना स्वीकृत गरी बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्ने। | बजेटको परिधिभित्र रहि प्रति प्रस्ताव अधिकतम रु. दुई लाख अनुदान उपलब्ध गराउन सकिने। |
| १३६. | पशुपन्छी/मत्स्य बजारीकरण प्रबर्द्धन कार्यक्रम | • संकलन केन्द्र निर्माण/स्तरोन्नती<br>• मेसिनरी औजार तथा उपकरण खरिद तथा व्यवस्थापन<br>• बिविधिकरण तथा बजारीकरण | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी/कृषि बजार समिति मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• संकलन केन्द्र रहेको वा निर्माण गरिने जग्गा आवदेकको आफ्नै नाममा भएको हुनुपर्ने,<br>• दैनिक रुपमा फर्म/कम्पनीको हकमा कम्तीमा ५०० लिटर र समुह/सहकारी/कृषि बजार समितिको हकमा २००० लिटर दुध संकलन गरिरहेको हुनुपर्ने। | • संकलन केन्द्र निर्माण र स्तरोन्नतीमा अधिकतम ७५ प्रतिशत तथा मेसिनरी औजार तथा उपकरण खरिदमा ५० प्रतिशतमा नबढ्ने गरी प्रति आयोजना/अनुदानग्राही कृषक समूह/कृषि सहकारी/कृषि बजार समितिको हकमा अधिकतम रु. सात लाख र फर्म/कम्पनीको |

कृषि अर्थविज्ञ
महाशाखा प्रमुख
सचिव

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • वार्षिक रुपमा निजि उद्यमी/कम्पनीको हकमा कम्तीमा २०० र समुह/सहकारीको हकमा ५०० खसी बोका संकलन तथा विक्रि वितरण गर्ने गरेको<br>• वार्षिक रुपमा कम्तीमा २० मे.ट माछाको कारोबार गरेको हनुपर्ने<br>• वार्षिक रुपमा कम्तीमा २० मे.ट बहुरको मासु बाजारीकरण गर्ने गरेको<br>• बजारिकरणका लागि प्रशोधन तथा विविधिकरण कार्य गरिरहेकालाई प्राथमिकता दिनुपर्ने। | हकमा अधिकतम रु. पाँच लाख अनुदान सहयोग। |
| १३७ | व्यवसायिक पशुपन्छी तथा मत्स्य फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | • पशपन्छी तथा मत्स्य प्राविधिक सहितको प्राविधिक टोली परिचालन<br>• फर्मको अनुगमन<br>• प्राविधिक परामर्श सेवा<br>• कृ.ग., खोप तथा उपचार<br>• भिटामिन, मिन, नयाँचार<br>• जैविक सुरक्षाका लागि बस्तुगत सहयोग<br>• प्रतिवेदन तयारी | • पशु सेवा शाखाको समन्वयमा व्यावसायिक फर्महरुको पहिचान गरि कार्यक्रम संचालन गर्नु पर्ने<br>• अनुगमन कार्य सबै स्थानीय तहलाई समेटी गर्नुपर्ने<br>• अनुगमन गरिएको फर्महरुको फलोअप गर्नुपर्ने | कूल विनियोजित बजेटको अधिकतम ६५ प्रतिशत इन्धन र खाजा वापत खर्च गर्न सकिने र कम्तीमा ३५ प्रतिशत आवश्यकता अनुसार वस्तुगत सेवामा खर्च गर्न सकिने। यसरी वस्तुगत सेवा उपलब्ध गराउँदा प्रति फर्म अधिकतम रु. ५०००।– मात्र उपलब्ध गराउन सकिनेछ। |

कृषि अर्थविज्ञ
महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १३८. | पशुपन्छीजन्य उत्पादन भण्डारण तथा बजारीकरण पुर्वाधार विकास कार्यक्रम | • विविधिकरण तथा बजारीकरणको लागि आवश्यक पर्ने यन्त्र/उपकरण/मेसिनरी/भण्डार गृह निर्माण/पूर्वाधार तथा अन्य सामग्री खरिद तथा व्यवस्थापन<br>• पशुपन्छीजन्य उपज बिस्यान सहितको भण्डारण कक्ष निर्माण,<br>• बजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण, | • फर्म/कम्पनी/ समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यालयले प्राविधिक कार्यदल परिचालन गरी उपयुक्त साझेदार छनोट गर्ने<br>• भौतिक पूर्वाधार निर्माण र बजारका लागि आवश्यक जग्गा आवेदकको नाममा हुनुपर्ने वा सार्वजनिक निकाय वा संस्थाको जग्गा भएमा कम्तीमा १० वर्षको करारनामा वा भोगचलन सम्बन्धी स्वीकृति पत्र/निर्णय हुनु पर्ने। | फर्म/कम्पनीको हकमा अधिकतम ५० प्रतिशत, समुह/सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान सहयोग<br>प्रति आयोजना अधिकतम रु. ५ लाख |
| १३९. | मत्स्य नर्सरी/प्रजनन केन्द्र स्थापना/सुदृढीकरण | • नयाँ नर्सरी वा रियरिङ्ग पोखरी निर्माण/सुधार<br>• कन्डिसनिङ्ग ट्याङ्क, स्पनिङ्ग ट्याङ्क, ओभरहेड ट्याङ्क निर्माण/सुधार<br>• पानीको आपूर्तिको लागि आवश्यक सामग्री जडान तथा व्यवस्थापन | • कम्तिमा १ हे. जलाशय क्षेत्रफलमा नर्सरी रियरिङ्ग वा माउ व्यवस्थापन गरी मत्स्य विज बिक्री वितरण गरिरहको वा गर्नुपर्ने<br>• फर्म/समूह/फर्म/कम्पनी/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने | • फर्म/कम्पनीको हकमा अधिकतम ५० प्रतिशत, समुह/सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान सहयोग<br>• प्रति आयोजना अधिकतम रु. ५ लाख |
| १४०. | विज्ञ जनशक्ति परिचालन | • विज्ञहरूको सूची (रोष्टर) तयार गर्ने (सूची वर्षभरि नै अद्यावधिक गर्न | • निजामती कृषि सेवा/नेपाल कृषि अनुसन्धान परिषद/ सरकारी कृषि/पशुपन्छी अध्यापन गर्ने संस्था, कृषि/पशुपन्छी बोर्ड/कम्पनी/कृषि बैंकमा | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |



कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | कियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | सकिने र यस अघि सूचीकृत भैसकेको हकमा सूचीकृत हुनु नपर्ने),<br>• अन्तरकृया र अभिमुखीकरण गर्ने,<br>• कार्य क्षेत्रगत शर्त (ToR) निर्माण गर्ने,<br>• परिचालन। | बहालवाला वा सेवानिवृत प्राविधिक कर्मचारीहरू, निजि क्षेत्रमा कृयाशिल सम्बन्धित विषयमा कम्तिमा स्नातक उत्तिर्ण गरी अनुभव हासिल गरेको सूचीकृत व्यक्ति परिचालन गर्नुपर्ने,<br>• आवश्यकताको आधारमा दिनुपर्ने विज्ञ सेवा र अवधि सहित तोकी परिचालन गर्नुपर्ने,<br>• सम्बन्धित निर्देशनालय र कार्यालयको समन्वयमा कृषि प्रसार र प्राविधिक सेवा सञ्चालन गर्नुपर्ने । | • परिचालन गरिने सेवा निवृत्त व्यक्ति जुन पदबाट निवृत भएको सोही पद अनुसार खटिएको अवधिभरको दैनिक भ्रमण भत्ता। |
| १४१. | PEARLS तथा MCI विधिका आधारमा सहकारी संस्थाहरुको सहभागितामुलक वार्षिक कार्यसम्पादन मूल्याङ्कन कार्यक्रम | • मन्त्रालय तथा मातहतका कार्यालयका तालिम प्राप्त कर्मचारीहरु मार्फत प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्ने र प्रतिवेदन तयार गरी पेश गर्ने। | प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको अनुसूची २८ बमोजिमको सूचकका आधारमा वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्ने । | • PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्यसम्पादन मूल्याङ्कन गर्दा खटिने कर्मचारीहरुका लागि दै.भ.भ्र. र ईन्धन खर्च। |
| १४२. | PEARLS तथा MCI विधिका आधारमा सहकारी संस्थाहरुको सहभागितामुलक वार्षिक कार्यसम्पादन मूल्याङ्कन कार्यक्रम | • मन्त्रालय तथा मातहतका कार्यालयका तालिम प्राप्त कर्मचारीहरु मार्फत प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्ने र प्रतिवेदन तयार गरी पेश गर्ने। | प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको अनुसूची २८ बमोजिमको सूचकका आधारमा वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्ने । | • PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्यसम्पादन मूल्याङ्कन गर्दा खटिने कर्मचारीहरुका लागि दै.भ.भ्र. र ईन्धन खर्च। |

कृषि अर्थविज्ञ
महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १४३. | सहकारी संघ/संस्थाको सघन अनुगमन | • सघन अनुगमनको लागि सम्बन्धित कार्यालयले टोली गठन गरी सहकारी संघ/संस्थाहरुको सघन अनुगमन गर्ने वा गराउने,<br>• प्रतिवेदन तयारी। | प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरु मध्ये,<br>• ५ करोडभन्दा बढी वासलात भएको, वा<br>• एक हजार जना भन्दा बढी शेयर सदस्य सङ्ख्या रहेको, वा<br>• PEARLS विश्लेषणका ५ वटा वा सो भन्दा बढी सूचकमा पुरा अंक प्राप्त नगरेका वा<br>• मन्त्रालय र सहकारी दर्ता अधिकारीको कार्यालयबाट नियमित अनुगमन गरी सघन अनुगमनको लागी सिफारिस गरेका वा PEALRS तथा MCI विधिबाट सहकारी संस्थाको मुल्याङ्कन गर्दा मुल्याङ्कन कर्ताले सघन अनुगमनको लागी सिफारिस गरेका वा<br>• प्रचलित कानून बमोजिम नियामक निकायमा नियमित प्रतिवेदन पेश नगरेका सहकारीहरु।<br>• सहकारी संस्थाको सघन अनुगमन मन्त्रालयले निर्धारण गरे बमोजिमको जाँचसूची (चेकलिष्ट) अनुसार हुनेछ । | • सघन अनुगमनमा खटिने टोली/कर्मचारीहरुको लागि दै.भ.भ. र इन्धन खर्च। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क.सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| १४४. | सहकारी संघ/संस्थाहरुको उद्यमशिलता विकासमा प्रविधिमा सहयोग कार्यक्रम जिल्ला स्तर | • सहकारी संघ/संस्थाहरु मार्फत कृषि/वन/पशुपन्छीजन्य उत्पादन, प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औंजार, उपकरण, सामग्रीमा सहयोग। | • सहकारी संघ/संस्थाहरुले कार्ययोजनासहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने<br>• नयाँ व्यवसाय सहकारी संघ/संस्थाले आफैले सञ्चाल गर्नुपर्ने वा सञ्चालन गर्दै आएको व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तारसँग सम्बन्धित क्रियाकलापहरु थप गरी सञ्चालन गर्नुपर्ने,<br>• दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने,<br>• कानूनले तोकेको समयावधिभित्र वार्षिक लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने, संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>• संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने,<br>• कानूनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनपर्ने,<br>• दोहोरा अनुदान नपाएको सम्बन्धी स्व:घोषणा पत्र पेश गर्नुपर्ने। तर व्यवसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।<br>• अनुसूची २६ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने, | • सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कूल रकमको ५० प्रतिशत वा अधिकतम रु ५ (पाँच) लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिनेछ। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • दुई लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाईने छैन,<br>• सहकारी संघ/संस्था छनोटका आधार अनुसूची २७ बमोजिम हुनेछ । | |
| १४५. | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | • सहकारी संघ/संस्थाहरु मार्फत कृषि/पशुपन्छीजन्य उत्पादन, प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार, उपकरण, सामग्रीमा सहयोग।<br>• तालिम/ सञ्चालन | • सहकारी संघ/संस्थाहरुले कार्ययोजनासहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने<br>• नयाँ व्यवसाय सहकारी संघ/संस्थाले आफैले सञ्चाल गर्नुपर्ने वा सञ्चालन गर्दै आएको व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तारसँग सम्बन्धित क्रियाकलापहरु थप गरी सञ्चालन गर्नुपर्ने,<br>• दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने,<br>• कानूनले तोकेको समयावधिभित्र वार्षिक लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने,<br>• संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>• संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने,<br>• कानूनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनपर्ने, | • सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कूल रकमको ५० प्रतिशत वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने। |

कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | | • दोहोरा अनुदान नपाएको सम्बन्धी स्व:घोषणा पत्र पेश गर्नुपर्ने। तर व्यवसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।<br>• अनुसूची २६ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,<br>• दुई लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाईने छैन,<br>• सहकारी संघ/संस्था छनोटका आधार अनुसूची २७ बमोजिम हुनेछ । | |
| १४६. | महिला सहकारी संस्था मार्फत उद्यमशिलता विकास कार्यक्रम | • प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहेका महिला सहकारी संस्थाहरुको तथ्याङ्क संकलन गरी अनुसूची २९ बमोजिम अभिप्रासी गणनाका आधारमा उत्कृष्ट ३ वटा सहकारी संस्थाहरु छनोट गर्ने,<br>• उत्कृष्ट ३ वटा सहकारी संस्थाहरुको रणनीति योजना तयार गर्ने,<br>• व्यवसाय शुरु तथा सुधार (SIYB) तालिम सञ्चालन गर्ने,<br>• द्रुततर सर्वेक्षण र सहभागितात्मक विधिबाट व्यवसाय छनोट,<br>• सीप विकास तालिम सञ्चालन (सात दिने) बस्तुगत टेवा सहित<br>• सहकारी संघ/संस्थाहरु मार्फत कृषि/वन/पशुपन्छीजन्य उत्पादन, | • प्रदेश सरकारको नियमन क्षेत्राधिकार भित्र रहेका महिला सहकारी संस्थाहरु हुनुपर्ने,<br>• दर्ता भएको मितिले २ वर्ष पुगेका सहकारी संघ/संस्थाहरु हुनुपर्ने,<br>• कानूनले तोकेको समयावधिभित्र वार्षिक लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने,<br>• संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने,<br>• कानूनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संस्था हुनपर्ने,<br>• अनुसूची २९ बमोजिम अभिप्रासी गणनाका आधारमा उत्कृष्ट ३ वटा सहकारी संस्थाहरु छनोट गर्नु पर्ने,<br>• संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रतिलिपि पेश हुनुपर्ने, | • कार्यालये विनियोजित बजेटको कम्तीमा ५० प्रतिशत रकम वस्तुगत टेवामा खर्च गर्ने गरी लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ।<br>• तालिम प्राप्त महिलाहरुलाई प्रति व्यक्ति बढीमा पच्चीस हजारमा नबढ्ने गरी ७५ प्रतिशत अनुदानमा वस्तुगत टेवा उपलब्ध गराइनेछ। |



कृषि अर्थविज्ञ

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क्र सं. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सीमा |
|---|---|---|---|---|
| | | प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार, उपकरण, सामग्रीमा सहयोग। | | |
| १४७. | सहकारी दिवस/उत्कृष्ट सहकारी संस्थाहरु पुरस्कार | • राष्ट्रिय सहकारी दिवस मनाउने,<br>• पुरस्कार, प्रमाणपत्र र अन्य व्यवस्थापकीय क्रियाकलापहरु। | • PEARLS तथा MCI विधिबाट सहकारी संस्थाहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी ६ वटा विषयमा उत्कृष्ट सहकारी संस्थाहरु छनोट गर्नुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• उत्कृष्ट सहकारी संस्थाहरुलाई रु. पच्चीस हजारका दरले पुरस्कार प्रदान गर्न सकिने। |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

सचिव

कार्यक्रम सञ्चालन प्रक्रिया

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

८. **प्रस्ताव माग:** (१) कार्यालयले दफा ७ मा व्यवस्था भए बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धमा स्वीकृत बजेट/कार्यक्रमको अधीनमा रही खर्चको सीमामा कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने भनी उल्लेख भएकोमा बाहेक आवेदक मार्फत सञ्चालन गरिने कार्यक्रमहरूको हकमा प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सूचना प्रवाह गर्दा सम्बन्धित सरोकारवाला र लक्षित समुदायको पहुँचमा सुनिश्चतता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्नुपर्ने भएमा **अनुसूची** २२ अनुसारको कम्तीमा १५ दिनको सूचना कार्यालयको वेबसाइट, राष्ट्रियस्तरको पत्रिका, सामाजिक सञ्जाल तथा स्थानीय एफ.एम.बाट प्रकाशन गरी आवेदकसँग प्रस्ताव माग गर्नेछ।

(४) लागत साझेदारीमा निर्माण गरिने भौतिक पूर्वाधार संरचनाको हकमा प्रस्ताव पेश गर्दाका बखत प्रचलित मापदण्ड तथा दररेट सहितको वास्तविक लागत अनुमान र डिजाइन पेश गर्नु पर्नेछ।

९. **प्रस्ताव पेश:** दफा ८ (१) बमोजिमका सूचना अनुसार दफा ७ मा उल्लिखित कार्यक्रमहरूमा आवेदकले कार्यालयमा अनुसूची-२३ बमोजिमको निवेदनको ढाँचा र कृषि तर्फ अनुसूची-२४ बमोजिमको कार्ययोजनाको ढाँचा, पशुपन्छी तर्फ अनुसूची-२५ र सहकारी तर्फ अनुसूची-२६ बमोजिमको कार्ययोजनाको ढाँचामा प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

१०. **प्रस्ताव मुल्याङ्कन र सिफारिस:** (१) कार्यालयमा प्राप्त प्रस्तावमा संलग्न कागजातहरूको अध्ययन एव मूल्याङ्कन गरी प्रारम्भिक छनोट गरिनेछ।

(२) प्रारम्भिक छनोट भएका प्रस्तावहरूको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यदलले स्थलगत प्रमाणीकरण सहित अनुसूची-२७ बमोजिम प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकता क्रम तयार गरी दफा १४ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति समक्ष स्वीकृतीका लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भई आएका प्रस्तावहरु उचित लागेमा पेश भए बमोजिम छनोट स्वीकृत गर्ने। सिफारिस भई आएका कुनै प्रस्ताव उपर पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा कार्यदललाई पुनर्मूल्याङ्कनका लागि फिर्ता पठाउन सक्नेछ। कार्यक्रम कार्यान्वयन समितिबाट स्वीकृत भएका प्रस्तावहरुको प्राथमिकता क्रम कायम गरी वैकल्पिक प्रस्तावहरु समेत समावेश सूची तयार गर्नुपर्नेछ।

११. **सम्झौता प्रक्रिया:** (१) छनोट भएका आवेदकलाई कम्तीमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौताका लागि आवह्न गरिएका आवेदकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले छलफलका आधारमा आवश्यक संशोधन सहित अनुसूची-३० बमोजिम ढाँचामा सम्झौता गरी अनुसूची-३१ बमोजिमको स्वःघोषणा पत्रमा हस्ताक्षर गराएर सम्बन्धित आवेदकलाई कार्यादेश दिनुपर्नेछ।

(३) छनोट भएका आवेदक तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा कार्यालयले तयार गरेको प्राथमिकता क्रमका आधारमा वैकल्पिक आवेदकसँग सम्झौता गर्न सक्नेछ।

(४) उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम सञ्चालन गर्न संभव नभएमा पुनः सूचना गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

कृषि अर्थविज्ञ          महाशाखा प्रमुख

## परिच्छेद-४
## समिति सम्बन्धी व्यवस्था

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

१२. **निर्देशक समिति:** (१) कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्गदर्शन तथा सहजीकरणका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ,-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रतिनिधि | प्रदेश योजना आयोगको सदस्य (कृषि क्षेत्र हेर्ने) | सदस्य |
| (ग) | सचिव | मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) | प्रमुख | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (च) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र कुनै विज्ञ वा पदाधिकारी तथा मन्त्रालयको महाशाखा प्रमुखहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्या समाधानका नीतिगत रुपमा सहजीकरण गर्ने, बाधा अड्काउ फुकाउने

ख) कार्यक्रमको अनुगमन गरी सहजीकरण तथा पृष्ठपोषण गर्ने,

(ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई आवश्यक निर्देशन दिने।

१३. **कार्यक्रम व्यवस्थापन समिति:** (१) मन्त्रालय स्तरमा सञ्चालन हुने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | सबै महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख/प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (घ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | अधिकृत | कानून अधिकृत | सदस्य |
| (च) | प्रमुख | योजना तथा जनशक्ति शाखा | सदस्य |
| (छ) | प्रमुख | कार्यक्रमसँग सम्बन्धित शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) कार्यक्रमको नियमित अनुगमन गरी निर्देशक समिति समक्ष पेश गर्ने र सार्वजनिक गर्ने,

(ग) कार्यालयलाई कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक सहजीकरण, पृष्ठपोषण र निर्देशन दिने।

१४. **कार्यक्रम कार्यान्वयन समिति:** (१) कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :-

(क) कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/सहकारी दर्ता अधिकारीको कार्यालय/सहकारी प्रशिक्षालयमा रहने समिति:

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | सम्बन्धित निर्देशनालय/कार्यालय/प्रशिक्षालय | संयोजक |
| (ख) | प्रमुख/प्रतिनिधि | कार्यक्रम कार्यान्वयन जिम्मेवारी रहेको शाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |



कृषि अर्थविज्ञ　　महाशाखा प्रमुख　　सचिव

| | | | |
|---|---|---|---|
| (घ) | प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (ङ) | प्रमुख/तोकिएको कर्मचारी | योजना शाखा वा प्रमुखले तोकेको शाखा | सदस्य सचिव |

(ख) जिल्लास्थित कार्यालयमा रहने समितिः

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | सम्बन्धित कार्यालय | संयोजक |
| (ख) | प्रमुख/प्रतिनिधि | कार्यक्रम कार्यान्वयन जिम्मेवारी रहेको शाखा | सदस्य |
| (ग) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | प्रतिनिधि | कोष तथा लेखा हेर्ने कार्यालय | सदस्य |
| (ङ) | कर्मचारी प्रतिनिधि | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| (च) | प्रमुख/तोकिएको कर्मचारी | योजना हेर्ने शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठन भएको कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन भई सिफारिस भएका प्रस्तावहरू स्वीकृत गर्ने,

(ख) सञ्चालित कार्यक्रमको अनुगमन गर्ने,

(ग) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालासँग समन्वय गर्ने र पृष्ठपोषण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै द्विविधा आई परेमा समाधानका लागि सम्बन्धित निर्देशनालय/मन्त्रालयमा पेश गर्ने।

कृषि अर्थविद्

महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## परिच्छेद-५
## भुक्तानी प्रक्रिया तथा लेखा परीक्षण

**१५. भुक्तानी प्रक्रिया:** १) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

(२) अनुदानग्राहीले स्वीकृत कार्ययोजना बमोजिम नियमानुसार खरिद सम्बन्धी कार्य सञ्चालन गर्नुपर्नेछ।

(३) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सक्कल बिल भरपाई र कार्य प्रगति विवरण समेत संलग्न राखी भुक्तानी माग गर्नुपर्नेछ।

(४) भुक्तानी माग भएपछि कार्यालयले कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नेछ। पूर्वाधार निर्माण जस्ता पूँजीगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टा गर्न सकिनेछ।

(५) रकम भुक्तानी गर्दा कामको वित्तीय तथा भौतिक प्रगति विवरण सहितको प्रतिवेदन, सम्बन्धित प्राविधिकको निरीक्षण प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन, कार्यालयमा पेश भएका बील भरपाई, सार्वजनिक सुनुवाईको अभिलेखको प्रतिलिपी, कार्यक्रम सञ्चालन सम्बन्धी तस्वीर लगायतका कागजात र बजेटको परिधिभित्र रही कार्यालयले नियमानुसार भुक्तानी गर्नुपर्नेछ।

(६) एक लाख भन्दा बढी लगानी भएका कार्यक्रमको हकमा आयोजना विवरण सहितको होर्डिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

(७) अनुदान रकमको अन्तिम भुक्तानी गर्दा सम्बन्धित स्थानीय तह/वडा/कृषि/पशुपन्छी शाखाको सिफारिस पेश गर्नुपर्नेछ।

(८) अनुदानग्राहीको आफ्नो घरमा उपलब्ध भई प्रयोग गरेको सामग्री र पारिवारिक श्रमको हकमा अनुदान रकम उपलब्ध गराइने छैन।

(९) विदेशबाट बीउ बिजन/बिरुवा/नश्ल/बीर्य/भुरा आयात गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित विज्ञहरू सहितको प्राविधिक टोली गठन गरी उक्त टोलीले सिफारिस गरेको प्राविधिक मापदण्ड बमोजिम आयात गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**१६. लेखा तथा लेखापरीक्षण:** (१) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

## परिच्छेद-६
## विविध

**१७. अनुगमन तथा मूल्याङ्कन:** यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा मन्त्रालय/निर्देशनालय/सम्बन्धित कार्यालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

**१८. जवाफदेहीता तथा जिम्मेवारी:** (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एवं उपलब्धि लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

**१९. अन्य:** कार्यक्रमहरुको सञ्चालन: (१) जैविक सुरक्षालाई ध्यान दिई वातावरण मैत्री रूपमा सञ्चालन गर्नु पर्नेछ।

(२) सञ्चालन गरिने तालिम, गोष्ठी, समन्वय बैठक, मेला दिवस जस्ता कार्यक्रमको पृष्ठपोषण सहितको प्रतिवेदन एक तह माथिको कार्यालयमा नियमित पठाउनु पर्नेछ।

(३) पशुपन्छीको जातीय र नश्ल सुधारको लागि प्रयोग गरिने उच्च नश्लको बीउका लागि निजी क्षेत्रमा प्रयोग गरिएका विभिन्न प्रजनन स्रोत केन्द्रहरू (गाई, भैंसी, बाख्रा, भेडा, बङ्गुर, माछा र पंक्षीहरू) ले सम्बन्धित विषयको प्रजनन विज्ञबाट प्रजनन योजना बनाई सम्बन्धित कार्यालयको सिफारिसमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा अभिलेखीकरण गर्नुपर्नेछ।

(४) स्थायी संरचना निर्माण गर्दा एक रूपता कायम गर्न र लागत प्रभावकारी बनाउन सिफारिस भएको प्रविधिको आधार बमोजिम वा सम्बन्धित निर्देशनालयको स्वीकृत मापदण्ड अनुसारको ढाँचा (डिजाइन) तथा लागत अनुमान अनुसार निर्माण गर्नु पर्नेछ।

(५) अनुदानग्राही/लाभग्राहीले अनुदानबाट स्थापना गरिएका संरचनाको मर्मत सम्भार लगायत सञ्चालन कार्यका लागि स्वयम् अनुदानग्राही/लाभग्राही जवाफदेही हुनेछ।

(६) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा आर्थिक तथा वित्तिय अनुशासन सम्बन्धी प्रचलित कानूनहरु: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, विनियोजन ऐन, प्रदेश आर्थिक कार्यविधि ऐन, प्रदेश वित्त व्यवस्थापन ऐन र सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको समेत पालना गर्नुपर्नेछ।

**२०. सेवा सुविधाबाट वञ्जित गर्न सकिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोके बमोजिम कारवाही प्रकिया अगाडि बढाउनेछ।

**२१. संशोधन:** मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**२२. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**२३. खारेजी र बचाउ:** (१) कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ खारेज गरिएको छ।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-१

भ्याक्सिनेटर परिचालन र खोरेत रोग मुक्त जिल्ला अभियान

लुम्बिनी प्रदेश सरकार

.................................. मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

................................................ कार्यालय......................

**खोरेत रोग उन्मूलन अभियान कार्यक्रम**

**खोरेत खोप विवरण** आ.व.

स्थानीय तह.......स्थानीय तह कोड ...जिल्ला.......जिल्ला कोड...भ्याक्सिनेसन अवधि.........देखी.........सम्म

| क.स | कृषकको नाम र थर | ठेगाना | भएको पशु संख्या | | | | | खोप गरीएको पशु संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | गाइ जाति | भैंसी जाति | बाखा जाति | बङ्गुर जाति | जम्मा | गाइ जाति | भैंसी जाति | बाखा जाति | बङ्गुर जाति | जम्मा | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| टोली प्रमुखको नामः | | | | | | | | | | | | | |
| दस्तखतः | | | | | | | | भ्याक्सिनेटरको नाम | | | | | दस्तखत |
| भ्याक्सिनेसन गरेको व्याहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने स्थानीय तह/वडाको प्रतिनिधिकोः | | | | | | | | | | | | | |
| नामः | | | | | | | | | | | | | |
| पदः | | | | | | | | | | | | | |
| दस्तखतः | | | | | | | | | | | | | |

नोटः- ६ महिनाभन्दा कम उमेरका गाई र भैंसी जातिहरूलाई भ्याक्सिनेशन गर्नु पर्दैन।

-६ हप्ता भन्दा कम उमेरका बङ्गुर जातिहरूलाई भ्याक्सिनेसन गर्नु पर्दैन।

-पशुहरूको भ्याक्सिनेशन नगरेतापनि प्रति फार्ममा भएका पशुहरूको संख्या उल्लेख गर्ने।

कृषि अर्थविज्ञ महाशाखा प्रमुख

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-२

भ्याक्सिनेटर परिचालन र खोरेत रोग मुक्त जिल्ला अभियान

लुम्बिनी प्रदेश सरकार

.......................... मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

..........................................कार्यालय

**खोरेत खोपको सारांश विवरण आ.व. २०   /२०**

स्थानीय तह.......स्थानीय तह कोड ...जिल्ला.......जिल्ला कोड...

भ्याक्सिनेसन अवधि.........देखि.........सम्म

| क.स | ठेगाना | भएको पशु संख्या | | | | | खोप गरीएको पशु सं | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. | गाइ जाति | भैंसी जाति | बाखा जाति | बङ्गुर जाति | जम्मा | गाइ जाति | भैंसी जाति | बाखा जाति | बङ्गुर जाति | जम्मा | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| भ्याक्सिनेटरको नाम | दस्तखत |
|---|---|
| | |
| | |

नोटः- ६ महिनाभन्दा कम उमेरका गाई र भैंसी जातिहरूलाई भ्याक्सिनेशन गर्नु पर्दैन।

-६ हप्ता भन्दा कम उमेरका बङ्गुर जातिहरूलाई भ्याक्सिनेसन गर्नु पर्दैन।

-पशुहरूको भ्याक्सिनेशन नगरेतापनि प्रति फार्ममा भएका पशुहरूको संख्या उल्लेख गर्ने।

महाशाखा प्रमुख

कृषि अर्थविज्ञ

अनुसूची-३

## भ्याक्सिनेटर परिचालन र खोरेत रोगमुक्त जिल्ला अभियान

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

किसान/कृषि फार्म नाम (*) ............ किसान-परिचय पत्र न. ............

सम्पर्क व्यक्तिको मोबाइल न. (*) ............ सम्पर्क व्यक्तिको ईमेल आईडी ............

सम्पर्क व्यक्तिको ठेगाना (*) जिल्ला:............ गा.पा./न.पा– ............ वार्ड नं. ............ टोल ............

फार्मको ठेगाना (*) जिल्ला:............ गा.पा./न.पा– ............ वार्ड नं. ............ टोल ............

आर्थिक वर्ष: ............ सर्वेक्षण मिति: ............ अर्को खोप: छ महिना पछि ........ बाह्र महिना पछि ..........

**पशु को सूची [ नोट: यदि त्यहाँ कुनै पशुको ट्याग नम्बर छैन भने शून्य (Zero) [0] राख्नुहोस्]**

| | | | |
|---|---|---|---|
| (1) गाई: ........ कुल संख्या | (2) साँढे: ........ कुल संख्या | (3) बाच्छा: ........ कुल संख्या | (4) बाच्छी: ........ कुल संख्या |
| (5) भैंसी: ........ कुल संख्या | (6) राँगो: ........ कुल संख्या | (7) पाडा: ........ कुल संख्या | (8) पाडी: ........ कुल संख्या |
| (9) बाख्रा: ........ कुल संख्या | (10) खसी/बोका: ........ कुल संख्या | (11) भेडी: ........ कुल संख्या | (12) थुमा/खसी ........ कुल संख्या |
| (13) भुनी:........ कुल संख्या | (14)बीर/खसी.: ........ कुल संख्या | (15) अन्य........ कुल संख्या | (16) ........: ........ कुल संख्या |

| क.सं | माथिको सूचीबाट पशु | स्थानीय जातको पशु | | | | उन्नत जात जातको पशु | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ट्याग नम्बर | उमेर (वर्ष) | खोप लगाएको | खोप नभएको | ट्याग नम्बर | उमेर | खोप लगाएको | खोप नभएको |

एंटीबॉडी जाँच को लागि पशुको रगत नमूना लिएको ट्याग नम्बर :............



कृषि अर्थविद्

महाशाखा प्रमुख

सचिव

| | को नम्बर लेख्ने | | | | | | | | मन्त्री |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | (1) गाई | ***** | 5 | ☑ | ☒ | | | | |
| २ | (5) | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कार्यालयको नाम (*) .................... भ्याक्सिनेटरको नाम,थर (*) ..................

भ्याक्सिनेटरको मोबाइल न. ................ हस्ताक्षर: ....................

................................................................................................................

## किसानको लागि यो पर्चा

आर्थिक वर्ष:............... सर्वेक्षण मिति:............... अर्को खोप: छ महिना पछि ........बाह्र महिना पछि ......

| पशुको विवरण | कुल सख्या | खोप लगाएको | खोप नलगाएको | पशुको विवरण | कुल | खोप लगाएको | खोप नलगाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| गाई | | | | बाख्रा | | | | |
| साँढे | | | | खसी/बोका | | | | |
| बाच्छा | | | | भेडी | | | | |
| बाच्छी | | | | थुमा/खसी | | | | |
| भैंसी | | | | भूनी | | | | |
| राँगो | | | | बीर | | | | |
| पाडा | | | | ...... | | | | |
| पाडी | | | | ...... | | | | |

एंटीबॉडी जाँच को लागि पशुको रगत नमूना लिएको टयाग नम्बर :..............................................

कार्यालयको नाम (*) ........................ डिजिटल कोड नम्बर: ..................



कृषि अर्थविद् महाशाखा प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| किसान /कृषि फार्म नाम (*) | ................ | सम्पर्क व्यक्तिको मोबाइल नं. (*) | ................ |
| फार्मको ठेगाना (*) | जिल्ला:................................ गा.पा./न.पा-................ वार्ड नं. ....... टोल ................................ | | |
| भ्याक्सिनेटरको नाम,थर (*) | ................................ | भ्याक्सिनेटरको मोबाइल नं. (*): | ................................ |

हस्ताक्षर: ........................

कैफियत:

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय / भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-४

भ्याक्सिनेटर परिचालन र पशुपन्छीजन्य संक्रामक र महामरीजन्य रोग नियन्त्रण अभियान

## NSP ELISA को लागि नमूना पठाउदा भर्नु पर्ने विवरण

- रगत संकलन गरीएको क्षेत्र
  - जिल्ला कोड
  - महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका /गाउँपालिका कोड
  - वडा नं.
  - स्थानको नाम
